# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक २९६ | काठमाडौं | बिहीबार, ०८ फागुन २०८१ | Prabhab National Daily | Thursday, February 20, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–

## सहायता कटौतीमा आक्रामक ट्रम्प

### 'वित्तीय संघीयता' शीर्षकमा नेपाललाई दिएको सहयोग 'ठगी' भएको टिप्पणी



■ जेबी योञ्जन

**काठमाडौं–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले वित्तीय संघीयता सबलीकरणका लागि नेपाललाई दिँदै आएको सहयोगलाई 'ठगी'को संज्ञा दिएका छन् । एलन मस्क प्रमुख रहेको डिपार्टमेन्ट अफ गभर्मेन्ट इफिसिएन्सी (डज)ले तयार गरेको दस्तावेजलाई सार्वजनिक गर्दै ट्रम्पले त्यसो भनेका हुन् ।

सोही कारण सहयोग रोक्नुपरेको उनले प्रस्टीकरण दिएका छन् । 'नेपालको वित्तीय संघीयता सबलीकरणका लागि २० मिलियन डलर पठाएका रहेछौं,' उनले दस्तावेज पढ्दै भने, 'यी नम्बरहरू सुन्नुस् त, यी सबै ठगी हुन् ।' उनले जैविक विविधता संरक्षणका लागि पनि नेपाललाई १९ मिलियन अमेरिकी डलर दिइएको उल्लेख गरेका छन् ।

ट्रम्पले यो अभिव्यक्ति अमेरिकाको फ्लोरिडास्थित मार-ए-लागोमा आयोजित पत्रकार सम्मेलनमा दिएका हुन् । त्यहाँ उनले थप केही कार्यकारी आदेशमा हस्ताक्षर गरेका थिए । डजले तयार गरेको दस्तावेजमा विभिन्न देशलाई अमेरिकाले दिँदै आएको सहयोगहरूको विववरण छ, जहाँ नेपाललाई दुईवटा शीर्षकमा सहयोग गरेको जनाएको छ ।

नेपालको वित्तीय संघीयता कार्यान्वयनका लागि २० मिलियन डलर पठाएका रहेछौं । यी नम्बरहरु सुन्नुस् त, यी सबै ठगी हुन् ।

● **डोनाल्ड ट्रम्प**
अमेरिकी राष्ट्रपति

संघीयताको अभ्यासमै हामी छौं । प्रशासनिक र राजनीतिक संघीयता कार्यान्वयन भइरहेका छन्, सँगै वित्तीय संघीयता पनि । तर, त्यसका लागि अमेरिकी सरकारले दिने सहयोग कटौतीले धेरै त होइन, थोरबहुत प्रभाव पार्ने देखिन्छ ।

● **तुलानारायण साह**
राजनीतिक विश्लेषक

भिडियोमा ट्रम्पले नेपालको वित्तीय संघीयताको दुई करोड अमेरिकी डलर रोकेको प्रस्ट पारेका छन् । डजले यो कटौतीलाई अन्तर्राष्ट्रिय सहायतामा व्यापक कटौतीको हिस्सा भनेको छ । राष्ट्रपति ट्रम्पले मस्कको नेतृत्वमा सरकारी खर्च कटौती गर्न नयाँ विभाग खडा गरेका हुन् । उक्त विभागको काम अमेरिकी सरकारको खर्च कटौती गर्नु हो ।

मस्कले सरकारको नीतिअनुसार यतिबेला विश्वभरि हुने हरेक अमेरिकी खर्च गम्भीरतापूर्वक जाँचिरहेका छन् । मस्कले अमेरिकी करदाताको पैसा खर्च भइरहेका कुरा खारेज गरिएको एउटा पोस्टमा सूची लेखेका छन् । यसलाई उनले अन्तर्राष्ट्रिय सहायतामा व्यापक कटौतीको अंश भनेका छन् । त्यसैमा नेपालको वित्तीय संघीयताका लागि गर्दै आएको अमेरिकी सहयोग रोकिएको उल्लेख गरिएको छ ।

त्यसअघि २० जनवरी २०२५ मा राष्ट्रपति ट्रम्पले वैदेशिक अनुदान सहयोग स्थगित गर्ने कार्यकारी आदेशमा हस्ताक्षर गरेका थिए । अमेरिकाले केही वर्षयता नेपालमा वित्तीय संघीयतालाई सबलीकरण गर्न भन्दै सहायता दिँदै आएको थियो । तर, बीचमै ठगी भएको भन्दै सहायता कटाएपछि अनेक टिप्पणी भइरहेको छ । राजनीतिक विश्लेषक तुलानारायण साहका अनुसार अमेरिकी सरकारको सहयोग कटौतीले नेपालमा वित्तीय संघीयताको कार्यान्वयनमा केही समस्या हुनसक्छ ।

क्रमशः पृष्ठ २ मा

## बेखुस भारत रिझाउने कांग्रेसको प्रयास

### गगनपछि महाकुम्भ मेलामा देउवा जाँदै

भारत र नेपाल छिमेकी देश हो । तीर्थमा आउजाउ चलिरहेकै छ । यसलाई राजनीतिक रङ दिन हुँदैन ।

■ **डा. प्रकाशशरण मत**
प्रवक्ता, नेपाली कांग्रेस


डा. प्रकाशशरण महत


गगन थापा

- महाकुम्भ मेलाको अवसर पारी नेपाली कांग्रेसले धार्मिक 'प्लेटफर्म' प्रयोग गर्दै भारतसँग सम्बन्ध सुधारको प्रयास
- कांग्रेस महामन्त्री गगन थापा, प्रवक्ता डा. प्रकाशशरण महतपछि सभापति शेरबहादुर देउवा पनि महाकुम्भ जाँदै
- महाकुम्भकै कारण सरकारले ल्याएको छ अध्यादेश स्वीकृतिका लागि बहुमत पुऱ्याउन धौधौ परेको बेला फागुन ११ सम्म प्रतिनिधिसभा बैठक स्थगित

■ प्रभाव संवाददाता

**काठमाडौं–** पछिल्लो समय नेपाल र भारतको सम्बन्ध चिसिँदो छ । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री भएयता नेपाली कांग्रेसले सम्बन्ध सुधार्ने प्रयास गरेको थियो । कांग्रेस नेतृसमेत रहेकी परराष्ट्रमन्त्री डा. आरजु राणा देउवालाई भारतीय पक्षले विशेष महत्त्वका साथ भारतमा स्वागत पनि गरेको थियो । तर जब प्रधानमन्त्री ओलीले भारत भ्रमणको इच्छा देखाए, सोही सन्देश लिएर भारत पुग्दा परराष्ट्रमन्त्री देउवालाई भारतले कुनै महत्त्व दिएन ।

यही झोकमा प्रधानमन्त्री ओली मंसिर १७ गते उत्तरी छिमेक चीनतिर हानिए । तीन दिन घुमेर बेल्ट एण्ड रोड इनिसियटिभ (बिआरआई) फ्रेमवर्कमा सम्झौता गरेर फर्किए । त्यसयता पनि भारत जाने इच्छा ओलीले नगरेका हैनन् । तर भारतबाट उनलाई कुनै 'ग्रिन सिग्नल' आएको छैन ।

यही मेसोमा ओलीसँग सत्ता गठजोड गरिरहेको नेपाली कांग्रेसले भने धार्मिक 'प्लेटफर्म' प्रयोग गर्दै भारतसँग सम्बन्ध सुधारको प्रयास थालेको छ । कांग्रेस महामन्त्री गगन थापा, प्रवक्ता डा. प्रकाशशरण महत र नेता अर्जुननरसिंह केसी भारतको उत्तरप्रदेशस्थित प्रयागराजमा जारी महाकुम्भ मेलामा पुगेर फर्केका छन् । भारतीय तीर्थयात्री नेपाल आउने र नेपाली तीर्थयात्री भारत जाने चलन पुरानै हो ।

तर कांग्रेसले यसलाई धार्मिक कूटनीतिका रूपमा प्रयोग गरेको कांग्रेसकै नेताहरू बताउँछन् । सोमबारमात्र कुम्भमेला पुगेका कांग्रेस महामन्त्री थापाले त्यहाँ पुग्दा आध्यात्मिक शान्ति मिलेको अनुभूति भएको बताएका छन् । 'महाकुम्भको पावन अवसरमा तीर्थराज प्रयागस्थित गंगा, यमुना र सरस्वतीको त्रिवेणी संगममा स्नान गर्दा अद्भूत आध्यात्मिक शान्ति र पवित्रताको अनुभूति भयो,' थापाले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन् । कांग्रेस प्रवक्ता डा. महतले पनि आफू पहिलोपटक कुम्भमेला पुगेको र असाध्यै राम्रो लागेको बताए । 'सोमबार गएर मंगलबार फर्किहालें । निकै राम्रो लाग्यो,' महतले भने ।

### प्रयागराजमा देउवा पनि जाँदै



प्रयागराजमा चलिरहेको महाकुम्भमा कांग्रेस सभापति शेरबहादुर देउवा जाने तयारीमा छन् । 'सभापतिजी शुक्रबार र शनिबारको कार्यक्रमका लागि जाँदै हुनुहुन्छ,' कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले भने ।

देउवा भारतमा रहँदा इन्डिया फाउन्डेसनले आयोजना गर्ने दुई दिने सम्मेलनमासमेत भाग लिने छन् । उनले शुक्रबार र शनिबार 'कुम्भ ग्लोबल समिट अन डेभलप्मेन्ट एन्ड सस्टेइनबेलिटी' विषयमा बोल्ने कार्यतालिका रहेको छ । उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ सहभागी हुने समिटमा अन्य देशका वक्ताहरूसमेत छन् । प्रयागराजमा नेपाली कांग्रेसका नेताहरूको उपस्थिति बढ्दो छ । यसको कारण हो भारतलाई रिझाउने प्रयास ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

### खाडीस्थित नेपाली नियोगका प्रमुखसँग परराष्ट्रमन्त्रीको छलफल

## वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउने नीति कार्यान्वयन गर्न निर्देशन

- विदेशमा कार्यरत नेपाली श्रमिकका समस्या पहिचान गरी समाधानका उपाय अवलम्बन गर्न सरोकार भएका सबै निकाय सक्रिय हुनुपर्ने र दीर्घकालीन रूपमा समस्या समाधान गरी यस क्षेत्रलाई आकर्षक बनाउनुपर्नेमा जोड
- 'डिजिटल' सुशासन कायम गर्ने सरकारको नीतिबमोजिम मागपत्र प्रमाणीकरणलगायत नियोगको सेवा प्रवाहलाई मितव्ययी, सरल, पारदर्शी, प्रभावकारी तथा सूचना प्रविधिमैत्री बनाउन निर्देशन



■ प्रभाव संवाददाता

**काठमाडौं–** परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित, भरपर्दो बनाउने सरकारको नीति कार्यान्वयनमा विदेशस्थित नेपाली नियोगहरूको भूमिका प्रमुख हुने बताएकी छन् । ओमान भ्रमणमा रहेकी उनले मंगलबार ओमानलगायत खाडी समन्वय परिषद्स्थित नेपाली नियोगका प्रमुखसँग छलफल गर्दै सोहीअनुसार कार्यसम्पादन गर्न निर्देशन दिइन् ।

आठौं 'इण्डियन ओसन कन्फ्रेन्स' तथा द्विपक्षीय बैठकहरूमा सहभागी हुन ओमान पुगेकी परराष्ट्रमन्त्री राणाले नेपाली नियोगका प्रमुखहरूसँग छलफल गरेकी हुन् । विदेशमा कार्यरत नेपाली श्रमिकका समस्या पहिचान गरी समाधानका उपाय अवलम्बन गर्न सरोकार भएका सबै निकाय सक्रिय हुनुपर्ने र दीर्घकालीन रूपमा समस्या समाधान गरी यस क्षेत्रलाई आकर्षक बनाउनुपर्नेमा उनले जोड दिइन् ।

ओमानस्थित नेपाली दूतावासका अनुसार परराष्ट्रमन्त्रीले 'डिजिटल' सुशासन कायम गर्ने सरकारको नीतिबमोजिम मागपत्र प्रमाणीकरणलगायत नियोगको सेवा प्रवाहलाई मितव्ययी, सरल, पारदर्शी, प्रभावकारी तथा सूचना प्रविधिमैत्री बनाउन निर्देशन दिइन् । नेपालको समग्र विकासका लागि आर्थिक कूटनीति प्रवर्द्धनमा नियोगहरूले विशेष सक्रियता देखाउन तथा सम्बन्धित मन्त्रालयले आवश्यक सहजीकरण गर्न अपरिहार्य रहेको बताउँदै यस सम्बन्धमा कुनै व्यावधान देखिएमा बाधा अड्काउ फुकाउन परराष्ट्र मन्त्रालय तत्पर रहेको उनले बताइन् ।

ओमानस्थित नेपाली दूतावासले परिषद्स्थित नेपाली नियोगका राजदूत, कार्यवाहक महावाणिज्यदूत, नियोग उपप्रमुख, श्रम काउन्सेलर तथा श्रम सहचारीलगायत नियोगमा कार्यरत पदाधिकारी तथा कर्मचारीको सहभागितामा 'भर्चुअल' बैठक गरेको हो । उक्त बैठकमा महिला घरेलु कामदारलगायत नेपाली श्रमिकको उद्धार, सहायता, स्वदेश फिर्ती, बिमा तथा क्षतिपूर्ति, आश्रयस्थल व्यवस्थापन, शव व्यवस्थापनलगायत श्रमिकसँग सम्बन्धित समस्या एवं समाधानका उपाय, प्रभावकारी सेवा प्रवाहमा देखिएका चुनौती र समाधानका उपायबारे छलफल भएको थियो ।

क्रमशः पृष्ठ २ मा

## प्रकृतिको शव भैरहवा ल्याइयो

■ प्रभाव संवाददाता

**काठमाडौं–** भारतको कलिंगा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (किट) विश्वविद्यालयमा मृत भेटिएकी नेपाली छात्रा प्रकृति लम्सालको शव भैरहवास्थित घर ल्याइएको छ । भारतस्थित नेपाली दूतावासको सहयोगमा लम्सालको शव बुधबार साँझ भैरहवा ल्याएको रूपन्देही प्रहरी प्रवक्ता सुरज कार्कीले बताए ।

उनका अनुसार प्रकृतिको शव भैरहवामा रहेको युनिभर्सल मेडिकल कलेजमा राखिएको छ । प्रकृतिको शंकास्पद मृत्यु भएको खबर आएपछि बुबा सुनिल लम्साल ओडिसा पुगेका थिए ।

मेकानिकल इन्जिनियरिङमा स्नातक गरिरहेकी प्रकृतिको शव आइतबार साँझ विश्वविद्यालयको छात्रवासमा झुन्डिएको अवस्थामा फेला परेको थियो । रूपन्देही घर भएकी २० वर्षीया लम्साल मृत अवस्थामा भेटिएपछि त्यहाँ रहेका नेपाली विद्यार्थीले निष्पक्ष छानबिन हुनुपर्ने माग गरेका थिए । त्यसपछि विश्वविद्यालय प्रशासनले नेपाली विद्यार्थीलाई छात्रवासबाट जबरजस्ती निकालेर कट्टाकस्थित रेल स्टेसनमा छाडिदिएको थियो । प्रशासनका कर्मचारीले नेपाली विद्यार्थीलाई सित्तैमा पढाएको भन्दै दुर्व्यवहार गरेको थियो ।

लम्सालको मृत्यु र नेपाली विद्यार्थीलाई विश्वविद्यालय प्रशासनले गरेको अभद्र व्यवहारको चौतर्फी विरोध भएसँगै नेपाल सरकार र नयाँ दिल्लीस्थित भारतीय दूतावासले यसबारे चासोका साथ कूटनीतिक पहल थालेको थियो ।

त्यसपछि प्रशासनले दुर्व्यवहार गर्ने कर्मचारीलाई विश्वविद्यालयबाट निलम्बन गरिएको थियो । प्रशासनले नेपाली विद्यार्थीहरूसँग गरिएको दुर्व्यवहारको घटनामा माफीसमेत मागेको छ । मंगलबार एक वक्तव्य जारी गर्दै क्याम्पसका उपकुलपति प्रा. सरनजीत सिंहले विद्यार्थीहरूप्रति गरिएको व्यवहारबाट विश्वविद्यालय प्रशासन दुःखी भएको जनाएको हो । यस प्रकरणमा किटले विश्वविद्यालयका सुरक्षा गार्डहरूलाई पक्राउ गरी निलम्बन गरिएको जनाएको छ । त्यसैगरी पीडक भनिएका आदिक श्रीवास्तावलाई फौजदारी मुद्दा चलाएको ओडिसा प्रहरीले जनाएको छ ।



- भारतस्थित नेपाली दूतावासको सहयोगमा लम्सालको शव बुधबार साँझ भैरहवा ल्याएको जानकारी
- परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले यस प्रकरणबारे ओडिसाका उच्च शिक्षामन्त्रीसँग गरिन् कुराकानी
- लम्सालको मृत्युको निष्पक्ष अनुसन्धान र दोषीमाथि कानुनी कारबाही गर्न आग्रह
- नेपाली विद्यार्थीहरूलाई सुरक्षित वातावरणसहित पठनपाठनको व्यवस्थाका लागि आग्रह
- १०० जनाभन्दा बढी विद्यार्थी नेपाल फर्किए

क्रमशः पृष्ठ ५ मा

# 'राजनीतिक दल र उम्मेदवार इमानदार नहुँदा निर्वाचन प्रणाली महँगियो'

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले राजनीतिक दल र तिनका उम्मेदवार इमानदार नहुँदा निर्वाचन प्रणाली महँगो भएको बताएका छन् ।

नवौं निर्वाचन दिवस, २०८१ का अवसरमा बुधबार यहाँ आयोजित कार्यक्रममा बोल्दै प्रमुख निर्वाचन आयुक्त थपलियाले निर्वाचन व्यवस्थापन लागत कम रहे पनि राजनीतिक दल तथा उम्मेदवारहरूले आफूले गर्ने खर्चलाई देखाएर निर्वाचन प्रणाली महँगो भएको भन्ने खराब भाष्य स्थापित गरिरहेको बताए । 'निर्वाचन महँगो भएको भन्ने गलत भाष्य निर्माण गरिन्छ भने त्यो राजनीतिक दल र उम्मेदवारहरूको इमानदारितामाथिको प्रश्न हो । निर्वाचन प्रणाली महँगो भयो भन्ने उम्मेदवारहरूलाई मैले सोध्ने गरेको छु, तिम्रो बेइमानीको खास्टो मेरो प्रणालीमाथि ओढाएर ओभानो हुने दुस्साहस नगर्नू,' उनले भने ।

निर्वाचनको बेला प्रयोग हुने राज्यसंयन्त्रको इमानदारितामाथि पनि उनले प्रश्न उठाए । निर्वाचनको मिति घोषणा भएपछि त्यस कार्यमा खटिने राज्य संयन्त्रको परिचालन निर्वाचन व्यवस्थापन गर्ने मुख्य निकायबाटै हुनुपर्ने थपलियाको भनाइ छ । निर्वाचनमा नागरिक सहभागिता बढाउन निर्वाचन शिक्षा र मतदाता शिक्षा बढाउनुपर्ने आवश्यकता पनि उनले औंल्याए ।

'लोकतन्त्र भनेको आफ्ना प्रतिनिधि आफैं छान्नेमात्र नभई यो मान्छेको जीवनशैली र जीवनपद्धति हो । मतदान गर्नु भनेको नागरिकले आफ्नो अधिकारको आत्मबोध गर्नु हो । यो कर्तव्यबोध गर्नका लागि मतदाता शिक्षा बढाउन जरुरी छ,' थपलियाले भने । नागरिक सचेत भएमा मात्रै निर्वाचन सफल हुने उनले उल्लेख गरे । आगामी निर्वाचनका लागि मतदाता नामावली दर्ता र अद्यावधिक सम्बन्धीत स्थानीय तहबाटै गर्ने व्यवस्था मिलाइने पनि थपलियाले बताए ।

त्यस्तै, आफ्नो मतदाता नामावली रहेको क्षेत्रबाट मात्र नभई देशभित्र जुनसुकै स्थानको मतदान केन्द्रबाट पनि मतदान गर्न सकिने व्यवस्था मिलाउन अति आवश्यक रहेको उनको भनाइ छ । निर्वाचन व्यवस्थापन तथा सञ्चालनसम्बन्धी कानुन चाँडै बनेर कार्यान्वयनमा आउने विश्वास उनले व्यक्त गरे । त्यस्तै, निर्वाचनका क्रममा अहिले सामाजिक सञ्जाल र कृत्रिम बौद्धिकताको व्यवस्थापन नयाँ चुनौतीका रूपमा आएको उल्लेख गरे ।

निर्वाचन आयोगका सचिव भरतमणि सुवेदीले निर्वाचनका क्रममा आयोगको स्वच्छता र निष्पक्षता कायम गर्न सफल भएको बताए । निर्वाचन व्यवस्थापनका लागि विधि र पद्धतिमा के-कति सुधार आवश्यक छ भनेर समीक्षा गरिनुपर्नेमा पनि उनले जोड दिए ।

'निर्वाचनको प्रभावकारिता: निर्वाचन प्रक्रियामा आमनागरिकको सहभागिता' भन्ने मुख्य नाराका साथ मनाइएको नवौं निर्वाचन दिवसका अवसरमा 'निर्वाचन स्मारिका २०८१' र 'नेपालको निर्वाचन इतिहास-३' पुस्तक सार्वजनिक गरिएको छ । त्यस्तै तीनवटा जिल्ला निर्वाचन कार्यालयको नवनिर्मित भवनको उद्घाटन गरिएको छ । दोलखा, स्याङ्जा, डडेलधुराको जिल्ला निर्वाचन कार्यालयको भवन उद्घाटन गरिएको हो । त्यस्तै, हरेक प्रदेशबाट समान एक जना र आयोगका तीन जना गरी १० जना उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गरिएको छ ।

सडक दुर्घटनाको भयावह तस्बिर

## छ महिनामा १२३३ जनाको अकालमै गुम्यो ज्यान



**काठमाडौं–** चालु आर्थिक वर्षको छ महिनामा सडक दुर्घटनामा परेर एक हजार २३३ जनाको निधन भएको छ । लापरवाहीपूर्वक सवारीसाधन चलाएको तथा ट्राफिक नियमको पूर्ण परिपालनामा ध्यान नदिएका कारण दुर्घटनामा ज्यान जानेको संख्या गत आवको सोही अवधिको तुलनामा वृद्धि भएको हो । गृह मन्त्रालयका अनुसार २०८० को पुस मसान्तसम्म देशभर १२ हजार ८५६ सडक दुर्घटनामा एक हजार १४९ जनाको ज्यान गएको थियो । यस वर्षको पुस मसान्तसम्म ११ हजार ३३८ सडक दुर्घटना हुँदा एक हजार २३३ जनाको ज्यान गएको छ ।

गत वर्षको छ महिनाको तुलनामा यस वर्षको छ महिनामा सडक दुर्घटनाको संख्या घटे पनि मृत्यु हुनेको संख्यामा वृद्धि भएको छ । गत मंसिरको तुलनामा पुसमा सडक दुर्घटना बढे पनि मृत्यु हुनेको संख्या घटेको गृह मन्त्रालयका प्रवक्ता रामचन्द्र तिवारीले जानकारी दिए ।

मन्त्रालयका अनुसार गत साउनमा एक हजार ६२८ सडक दुर्घटनामा १५२, भदौमा एक हजार ६१९ दुर्घटनामा १७४ जनाको अकालमा ज्यान गएको थियो । गत असोजमा एक हजार ८७३ सडक दुर्घटनामा २००, कात्तिकमा एक हजार ९२८ दुर्घटनामा परी २५८ जनाको निधन भएको विवरण छ । अघिल्लो गत मंसिरमा दुई हजार १४ सडक दुर्घटनामा परी २५२ र पुसमा सबैभन्दा बढी दुई हजार २७६ दुर्घटनामा परेर १९७ जनाको निधन भएको छ ।

मन्त्रालयले उपलब्ध गराएको विवरणअनुसार गण्डकी, काठमाडौं उपत्यका र कर्णालीमा दुर्घटनाको संख्या घटे पनि मृत्यु हुनेको संख्यामा बढोत्तरी भएको छ । मधेस प्रदेश र बागमती (काठमाडौं उपत्यका) बाहेकमा दुर्घटनाको संख्या बढे पनि मृत्यु हुनेको संख्या घटेको छ ।

### भयावह आत्महत्या

मन्त्रालयका अनुसार चालु आवको छ महिनामा तीन हजार १३४ जनाले आत्महत्या गरेका छन् । गत वर्षको सोही अवधिमा तीन हजार ४५७ जनाले अकालमा ज्यान फालेका थिए । गत वर्षको छ महिनाको तुलनामा आत्महत्याको कूल संख्या घटेको छ ।

यस्तै गत मंसिरको तुलनामा र पुसमा आत्महत्याको संख्या घटेको छ । यस वर्षको कात्तिकमा सबैभन्दा बढी ६२८, मंसिरमा ४७१ र पुसमा ४२५ जनाले आत्महत्या गरी ज्यान फालेका गृह मन्त्रालयले जनाएको छ ।

### साइबर अपराध

मन्त्रालयका अनुसार चालु आवको छ महिनामा १० हजार ७७६ वटा साइबर अपराधसँग जोडिएका निवेदन दर्ता भएका छन् । सामाजिक सञ्जालको दुरूपयोग गरेर अपराध गर्नेहरूले सबैभन्दा बढी टेलिग्राम प्रयोग गरेको पाइएको छ । कूल एक हजार १८७ वटा निवेदन टेलिग्रामसँग जोडिएको दर्ता भएका छन् ।

यस्तै, फेसबुक प्रयोग गरेर एक हजार ९८, इन्टाग्राम प्रयोग भएका ७३१ र टिकटकसँग जोडिएका १५३ वटा निवेदन दर्ता भएका छन् । आव २०८०/८१ मा कूल १९ हजार ७३०, आव २०७९/८० मा नौ हजार १३ वटा साइबर अपराधसँग जोडिएका निवेदन दर्ता भएका मन्त्रालयले जनाएको छ । *रासस*

## सर्वसाधारणका लागि खुल्यो रासस समाचार 'बुलेटिन' कक्ष



**काठमाडौं (प्रस)–** राष्ट्रिय समाचार समिति (रासस) ले बुधबारदेखि 'रासस मिडिया संग्रहालय समाचार बुलेटिन' कक्ष सर्वसाधारणका लागि खुला गरेको छ । राससको ६४औं वार्षिकोत्सव मूल समारोहका अवसरमा बुधबार सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सो कक्षको उद्घाटन गरे ।

२०१८ फागुन ७ गते रासस स्थापना भएदेखि हालसम्मका समाचार बुलेटिनलाई संग्रहालयमा संग्रहित गरिएको छ । राससको महत्त्वपूर्ण सम्पत्ति र उपलब्धिका रूपमा रहेको समाचार बुलेटिनलाई पत्रकारिता गरिरहेका विद्यार्थी र मिडिया अध्येताका लागि खुला गरिएको राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले बताए ।

उनले रासस राज्यको संस्था भएको र यसका बुलेटिन र समाचार सामग्रीहरू राससको मात्रै नभएर सम्पूर्ण नेपालीको सम्पत्ति भएकाले ती बुलेटिन अध्ययन अनुसन्धान गर्ने अवसर सबैले पाउन भन्ने उद्देश्यले बुलेटिन कक्ष अध्ययन अनुसन्धानका लागि खुला गरिएको बताए । रासस समाचार बुलेटिन कक्षले मिडियाको अनुसन्धानमा रुचि राख्ने, आमसञ्चारका विद्यार्थी र क्रियाशील पत्रकारलाई लाभ हुनाका साथै नेपालमा समाचार 'एजेन्सी'को विकासका सन्दर्भमा अध्ययन गर्न सघाउ पुग्ने राससका महाप्रबन्धक सिद्धराज राईले बताए । भूकम्पले राससको भवन भत्काएपछि गोदाममा थुप्रिएका र जीर्ण भएका बुलेटिनलाई संग्रह गरी राससको इतिहासलाई जीवन्त बनाउन र अभिलेखलाई दुरुस्त बनाउन बुलेटिन कक्ष स्थापना गरिएको उनले जानकारी दिए ।

### राससको फोटो किताब सार्वजनिक

वार्षिकोत्सवकै अवसरमा राससले प्रकाशन गरेको 'राससको फोटो किताब: गणतन्त्रको १६ वर्ष' पुस्तक सार्वजनिक गरिएको छ । बुधबार आयोजित वार्षिकोत्सव समारोहमा सञ्चारमन्त्री गुरुङले उक्त पुस्तक सार्वजनिक गरेका हुन् । राज्य र सरकारको कामलाई प्रचारप्रसार गर्ने उद्देश्यले राससले गणतन्त्र दिवस २०८० को सन्दर्भमा 'हाम्रो संस्कृति : हाम्रो सम्पदा' र गणतन्त्र दिवस-२०८१ को सन्दर्भमा 'गणतन्त्रको उपलब्धि : समृद्धिका लागि पूर्वाधार' शीर्षकमा तस्बिर प्रदर्शनी गरेको थियो ।

उक्त प्रदर्शनीमा राखिएका तस्बिरलाई संग्रह गरेर 'रासस फोटो किताब : गणतन्त्रका १६ वर्ष' पुस्तक प्रकाशन गरेको राससका कार्यकारी अध्यक्ष झाले बताए । यो फोटो किताबले नेपालमा विकास तथा कुनै काम भएन भनेर स्थापित गर्न खोजिएको गलत भाष्यलाई चिर्न सहयोग पुग्ने विश्वास लिएको उनले बताए ।

पुस्तकमा राससकर्मीहरूले कैद गरेर राससको बुलेटिनमा प्रकाशित भएका तस्बिर र अतिआवश्यक तर रासससँग नभएका केही तस्बिरलाई सौजन्यका रूपमा संग्रह गरिएको राससका महाप्रबन्धक एवं पुस्तक प्रकाशन उपसमितिका संयोजक सिद्धराज राईले बताए । 'सकेसम्म महत्त्वपूर्ण तस्बिरलाई समेट्ने प्रयास गरेका छौं, यो पुस्तक एक प्रस्थानबिन्दु मात्र हो,' उनले भने ।


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८१/११/०८**

यस कम्पनीको मिति २०८१/१०/०७ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **लुम्बिनी यु.पि.भि.सि. एण्ड स्टिल ईन्डष्ट्रिज प्रा.लि.**/Lumbini U.P.V.C and Steel Industries Pvt. Ltd को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **लुम्बिनी संसार ट्रेड्गि प्रा.लि.**/LumbiniSansar Trading Pvt. Ltd (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/१०/२८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **लुम्बिनी संसार ट्रेड्गि प्रा.लि.**/LumbiniSansar Trading Pvt. Ltd (प्रा.लि.नं.२१२२९२) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**कतारमा रोजगार** कम्पनी : **TADWEER TRAD. CONT. & SERVICES W.L.L**

पूर्व स्वीकृति मिति : २०८०/०७/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/०७ | LT. No. 294785 | चलानी नं. ६०२१७१६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 2 | 0 | 1000 | ३८,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Business Executive | 1 | 0 | 2500 | ९५,२७५ | | | | | | | |
| 3 | Electrician Gen | 2 | 0 | 1100 | ४१,९२० | | | | | | | |
| 4 | Labour | 3 | 0 | 1000 | ३८,११० | | | | | | | |
| 5 | Receptionist | 0 | 1 | 1100 | ४१,९२० | | | | | | | |
| 6 | Representative | 1 | 0 | 2200 | ८३,८४५ | | | | | | | |
| 7 | Supervisior | 1 | 0 | 2500 | ९५,७२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन १५ गते (27th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११०८/०७३/०७४

Emerald Isle Nepal Pvt. Ltd. (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-014588542/4589323,
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS



# ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/११/०८ गते

यस माछापुच्छ्रे बैंक लि. तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपाई तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गर्नु भएको कर्जाको साँवा, व्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा व्याज, थप व्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले पैंतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ । उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटरको नाम कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने ब्यहोरा यसै सूचनाबाट जानकारी गराउदै यथाशिघ्र कर्जा भुक्तानी गर्न विशेष अनुरोध गरिन्छ ।

**तपसिल**

**शाखा कार्यालय : गोलबजार**

**ऋणीको नाम, ठेगाना**

१. मधेश प्रदेश सरकार, उद्योग, पर्यटन तथा वन मन्त्रालय, उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय लाहान, सिराहामा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम रहेको **महासेठ ईन्टरप्राईजेज** ।
प्रा.फ.र.नं. १७२०२/२०७९/०८०, दर्ता मिति : २०७९/१२/२२, पान नं. ६१९६१०८८७, दर्ता मिति : २०७९/१२/२२
ठेगाना : सिराहा जिल्ला, असनपुर वडा नं. ३, हाल : सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ३
**प्रोप्राईटर : सोनी कुमारी सुडि**

**२. बिनोद कुमार महासेठ**
ना.प्र.नं. १५१०६२-१६९५७, जि.प्र.का. सिराहा, जारी मिति : २०६८/०७/३०
बाबु : राज कुमार महासेठ, बाजे : बिहारी महासेठ
ठेगाना : सिराहा जिल्ला, औरही न.पा./गा.वि.स. वडा नं. ४ हाल : सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ६

**व्यक्तिगत जमानतकर्ताहरू**

| | |
|---|---|
| **१. बिनोद कुमार महासेठ**<br>ना.प्र.नं. १५१०६२-१६९५७, जि.प्र.का. सिराहा<br>जारी मिति : २०६८/०७/३०<br>बाबु : राज कुमार महासेठ<br>बाजे : बिहारी महासेठ<br>ठेगाना : सिराहा जिल्ला, औरही न.पा./गा.वि.स. वडा नं. ४<br>हाल : सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ६ | **२. सोनी कुमारी सुडि**<br>ना.प्र.नं. १५-०१-७८-०७६८२, जि.प्र.का. सिराहा<br>जारी मिति : २०७८/०६/२२<br>बाबु : अशोक कुमार साहु सुडि<br>पति : बिनोद कुमार महासेठ, ससुरा : राज कुमार महासेठ<br>ठेगाना : सिराहा जिल्ला, औरही न.पा./गा.वि.स. वडा नं. ५<br>हाल : सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ६ |
| **३. राज कुमार महासेठ**<br>ना.प्र.नं. ३०८४-७५१, जि.प्र.का. सिराहा<br>जारी मिति : २०४९/०७/०७<br>बाबु : बिहारी महासेठ<br>बाजे : शन्ती महासेठ<br>ठेगाना : सिराहा जिल्ला, औरही न.पा./गा.वि.स. वडा नं. ४<br>हाल : सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ६ | **४. आशा कुमारी सुडी**<br>ना.प्र.नं. १२५६/३७९१, जि.प्र.का. सिराहा<br>जारी मिति : २०४४/१२/१८<br>बाबु : काला महासेठ सुडि<br>पति : राज कुमार महासेठ, ससुरा : बिहारी महासेठ<br>ठेगाना : सिराहा जिल्ला, औरही न.पा./गा.वि.स. वडा नं. ४<br>हाल : सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ६ |

**धितोमा रहेको सम्पत्तिको विवरण**

१. बिहारी महासेठको बुहारी, कला महासेठको छोरी, राज कुमार महासेठको पत्नी, सिराहा जिल्ला, औरही न.पा./गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ६ बस्ने आशा कुमारी सुडीको नाममा मालपोत कार्यालय सिराहामा दर्ता कायम भएको सिराहा जिल्ला, असनपुर गा.वि.स. वडा नं. ९ स्थित कि.नं. १०७५ को क्षेत्रफल ०-०-११.२५-० (वि.क.धु.क.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।
**(उल्लेखित सम्पत्ति विनोद कुमार महासेठको ऋण कर्जाको लागि धितोबन्धक पारीत भई महासेठ ईन्टरप्राईजेजले लिएको कर्जाको लागि समेत धितो निरन्तरताको लिखत मार्फत धितो कायम रहेको) ।**
२. ऋणी महासेठ ईन्टरप्राईजेजले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु ।

**ऋणीको नाम, ठेगाना**

**३. महेश कुमार साह**
ना.प्र.नं. ०२५९४७९६, जि.प्र.का. सिराहा, जारी मिति : २०५६/०९/०१
बाबु : नथुनी साह, बाजे : सुन्दर साह
ठेगाना : सिराहा जिल्ला, असनपुर गा.वि.स. वडा नं. ६, हाल : सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ४

**व्यक्तिगत जमानतकर्ताहरू**

| | |
|---|---|
| **१. महेश कुमार साह**<br>ना.प्र.नं. ०२५९४७९६, जि.प्र.का. सिराहा<br>जारी मिति : २०५६/०९/०१<br>बाबु : नथुनी साह<br>बाजे : सुन्दर साह<br>ठेगाना : सिराहा जिल्ला, असनपुर गा.वि.स. वडा नं. ६<br>हाल : सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ४ | **२. भारती कुमारी साह**<br>ना.प्र.नं. २५२६, जि.प्र.का. सिराहा<br>जारी मिति : २०६०/१२/१९<br>बाबु : सत्य नारायण साह<br>पति : महेश साह, ससुरा : नथुनी साह<br>ठेगाना : सिराहा जिल्ला, असनपुर गा.वि.स. वडा नं. ६<br>हाल : सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ४ |

**३. नथुनी साह हलुवाई**
ना.प्र.नं. २५६०/५४१६१०८९, जि.प्र.का. सिराहा, जारी मिति : २०३४/१२/०३
बाजे : रुप साह, बाबु : सुन्दर साह हलुवाई
ठेगाना : सिराहा जिल्ला, लक्ष्मीपुर गा.वि.स. वडा नं. ५, हाल : सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ४

**धितोमा रहेको सम्पत्तिको विवरण**

सुन्दर साहको नाति, नथुनी साहको छोरा, सिराहा जिल्ला, असनपुर गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ४ बस्ने महेश कुमार साहको नाममा मालपोत कार्यालय लाहान, सिराहामा दर्ता कायम भएको सिराहा जिल्ला, असनपुर गा.वि.स. वडा नं. ६ क स्थित कि.नं. ८८६ को क्षेत्रफल ०-०-२.७५-० (वि.क.धु.क.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।

**ऋणीको नाम, ठेगाना**

**४. फुलेश्वर यादव**
ना.प्र.नं. ७८६/६, जि.प्र.का. सिराहा, जारी मिति : २०४४/११/२४
बाबु : हंसलाल, बाजे : जुगेश्वर यादव
ठेगाना : सिराहा जिल्ला, सन्हैठा न.पा./गा.वि.स. वडा नं. ६, हाल : सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ७

**व्यक्तिगत जमानतकर्ताहरू**

| | |
|---|---|
| **१. फुलेश्वर यादव**<br>ना.प्र.नं. ७८६/६, जि.प्र.का. सिराहा<br>जारी मिति : २०४४/११/२४<br>बाबु : हंसलाल, बाजे : जुगेश्वर यादव<br>ठेगाना : सिराहा जिल्ला, सन्हैठा न.पा./गा.वि.स. वडा नं. ६<br>हाल : सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ७ | **२. उर्मिला कुमारी**<br>ना.प्र.नं. १८२०/७५२, जि.प्र.का. सिराहा<br>जारी मिति : २०४४/१२/१७<br>पति : फुलेश्वर यादव, ससुरा : हंसलाल<br>ठेगाना : सिराहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं. ८<br>हाल : सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ७ |

**धितोमा रहेको सम्पत्तिको विवरण**

जुगेश्वर यादवको नाति, हंसलाल यादवको छोरा, सिराहा जिल्ला, सन्हैठा न.पा./गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ७ बस्ने फुलेश्वर यादवको नाममा मालपोत कार्यालय सिराहामा दर्ता कायम भएको सिराहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं. १ स्थित कि.नं. ३०४३ को क्षेत्रफल ०-०-१२.७५-० (वि.क.धु.क.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।

**शाखा कार्यालय : बर्दिवास**

**ऋणीको नाम, ठेगाना**

प्रदेश सरकार, प्रदेश नं. २, उद्योग पर्यटन वन तथा बातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय जलेश्वर, महोत्तरीमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम भएको **उज्वल ट्रेडर्स ।**
दर्ता नं. ६११४/५४४/०७६/०७७, दर्ता मिति : २०७६/१०/०९, पान नं. ६१२९१२३६०, दर्ता मिति : २०७६/१०/१२
ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास वडा नं. १४, **प्रोप्राइटर : यमुना अधिकारी**

**व्यक्तिगत जमानतकर्ताहरू**

| | |
|---|---|
| **१. उध्दव प्रसाद खतिवडा**<br>ना.प्र.नं. ०४९७००२१, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०३५/०९/१७<br>बाबु : हरि प्रसाद खतिवडा, बाजे : देवी चरण खतिवडा<br>ठेगाना : महोत्तरी जिल्ला, १५ नं. बहादुरगंज वडा नं. १<br>हाल : महोत्तरी जिल्ला, बर्दिवास वडा नं. ८ | **२. उज्वल खतिवडा**<br>ना.प्र.नं. ०४९७२६५४, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५८/०२/०८<br>बाबु : उध्दव प्रसाद खतिवडा, बाजे : हरि प्रसाद खतिवडा<br>ठेगाना : महोत्तरी जिल्ला, हाथिलेट वडा नं. २<br>हाल : महोत्तरी जिल्ला, बर्दिवास वडा नं. ८ |
| **३. रन्जना खतिवडा**<br>ना.प्र.नं. ७७२८, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०४२/०६/०७<br>पति : उध्दव प्रसाद खतिवडा<br>ससुरा : हरि प्रसाद खतिवडा<br>ठेगाना : महोत्तरी जिल्ला, हाथिलेट वडा नं. २<br>हाल : महोत्तरी जिल्ला, बर्दिवास वडा नं. ८ | **४. यमुना अधिकारी**<br>ना.प्र.नं. २०१०४९/४७/१७६८, जि.प्र.का. सिन्धुली<br>जारी मिति : २०६४/०६/०७<br>बाबु : नेत्र प्रसाद अधिकारी<br>पति : उज्वल खतिवडा, ससुरा : उध्दव प्रसाद खतिवडा<br>ठेगाना : सिन्धुली जिल्ला, हत्पते वडा नं. ७<br>हाल : महोत्तरी जिल्ला, बर्दिवास वडा नं. ८ |

**धितोमा रहेको सम्पत्तिको विवरण**

१. देवी चरण खतिवडाको नाति, हरि प्रसाद खतिवडाको छोरा, महोत्तरी जिल्ला, १५ नं. बहादुरगंज वडा नं. १ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, बर्दिवास वडा नं. ८ बस्ने उध्दव प्रसाद खतिवडाको नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरीमा दर्ता कायम भएको महोत्तरी जिल्ला, १५ नं. बहादुरगञ्ज गा.वि.स./न.पा. वडा नं. १ क स्थित कि.नं. ३४३ र ३४४ को क्षेत्रफल क्रमशः ०-२-०-० (बि.क.धु.क.) र ०-२-०-० (बि.क.धु.क.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।
२. ऋणी उज्वल ट्रेडर्सले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु ।

माछापुच्छ्रे बैंक — सबल, उत्कृष्ट एवं विस्तारित

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# कन्सल्टेन्सीको ठगीधन्दा नियन्त्रण गर

**वैदेशिक रोजगार व्यवसाय सञ्चालनका लागि सरकारले अनुमति दिएको भनेको म्यानपावर कम्पनीलाई हो । यस्तो अनुमति लिने कम्पनीको संख्या करिब ९०० रहेको छ । वैदेशिक रोजगारीमा श्रमिक पठाउने यी कम्पनीहरूबाट हुने ठगी कार्यलाई नियन्त्रण गर्न सरकारले कडाइ गरेको छ । वैदेशिक रोजगारीमा जाने श्रमिकको सुरक्षा प्रत्याभूति गर्न सरकारले कडा नीति अपनाएसँगै ठगीका घटना न्यून हुँदै गएका छन् । यो सकारात्मक पाटो हो ।**

**तर, शैक्षिक परामर्शको काम गर्ने अनुमति लिएर खुलेका कन्सल्टेन्सीहरूले विभिन्न मुलुकमा रोजगारीका लागि पठाउने गैरकानुनी धन्दा बढाउँदै लगेको पाइएको छ । यस्ता संस्थाहरूले आकर्षक वैदेशिक रोजगारीमा पठाउने भन्दै ठूलो रकम असुलेर ठगी गरेका घटनाहरू निरन्तर सार्वजनिक भइरहेका छन् । वैदेशिक रोजगार विभागमा दर्ता भएका उजुरीलाई हेर्दा पनि कन्सल्टेन्सीबाट हुने ठगीका घटना बढेको प्रस्ट हुन्छ । विभागले उपलब्ध गराएको तथ्यांकअनुसार गत माघ महिनामा विभागको मुद्दा तथा अनुसन्धान शाखामा ५०५ र प्रहरी शाखामा ४८० वटा उजुरी परेका छन् । विभागका अनुसार यी उजुरी व्यक्तिगत र कन्सल्टेन्सीबाट भएका ठगीसँग सम्बन्धित हुन् । माघ महिनामा परेका उजुरीमध्ये करिब ४० प्रतिशत उजुरी कन्सल्टेन्सीको ठगीसँग सम्बन्धित रहेको विभागले जनाएको छ ।**

**पछिल्लो केही महिनायता कन्सल्टेन्सीमार्फत हुने ठगीका घटना बढ्दै गएको विभागका निर्देशक तथा सूचना अधिकारी गुरुदत्त सुवेदी बताउँछन् । विभागको उजुरी शाखामा कहिलेकाहीँ एक दिनमै १० देखि १५ वटासम्म कन्सल्टेन्सीबाट ठगिएका उजुरीहरू आएको रेकर्ड भेटिएको छ । माघमा दर्ता भएका ९०० भन्दा बढी उजुरीमध्ये ४९ वटा घटनामा मिलापत्र भएको विभागको भनाइ छ । विभागका अनुसार ११ वटा मुद्दा अदालतमा दायर भएका छन् । माघमामात्रै विभागको मुद्दा तथा अनुसन्धान शाखाले तीन करोड ९५ लाख आठ हजार रूपैयाँ क्षतिपूर्ति उपलब्ध गराएको तथ्यांक छ । पछिल्लो सात महिनामा जम्मा १०९ वटा मुद्दा अदातलसम्म पुगेको छ ।**

**चालु आर्थिक वर्षको साउनमा ९१३, भदौमा ७५४, असोजमा ४४७, कात्तिकमा ४६७, मंसिरमा ६८८ र पुसमा ८९३ वटा व्यक्तिगत र कन्सल्टेन्सीबाट ठगिएका उजुरी परेका छन् । पछिल्लो महिना माघमा यस्तो उजुरी बढेको विभागले उपलब्ध गराएको तथ्यांकमा देखिन्छ । कन्सल्टेन्सीको काम वैदेशिक रोजगारीमा कामदार पठाउने होइन । शैक्षिक परामर्शको काम गर्ने अनुमति लिएर वैदेशिक रोजगारीको नाममा ठगीधन्दा चलाउने यस्ता संस्थाहरूमाथि सरकारले थप कडा नीति लिनुपर्छ । बेरोजगारीको समस्याले पिरोलिएका युवाहरूलाई थप बिचल्ली बनाउने काम गर्ने यस्ता संस्थाका सञ्चालकहरूलाई कारबाहीको दायरामा ल्याउनैपर्छ । विगतमा म्यानपावर कम्पनीकै कारण बदनाम भएको वैदेशिक रोजगार क्षेत्र पछिल्लो समय केही मर्यादित बन्दै गरेको अवस्थामा कन्सल्टेन्सीको बदमासीले फेरि समस्यामा पार्ने देखिन्छ । यसलाई रोक्न सरकारले तुरुन्त 'एक्सन' लिनुपर्छ । यसतर्फ सरकारको ध्यानाकर्षण होस् ।**

## श्रम सरोकार

### अभिमुखीकरण तालिम र यसको महत्त्व

वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम वैदेशिक रोजगारमा जाने कामदारले अनिवार्यरूपमा पूर्वप्रस्थान अभिमुखीकरण तालिम लिनुपर्ने व्यवस्था छ ।

वैदेशिक रोजगारमा जाने सोच बनाएदेखि नै कुन देश जाने हो सोको बारेमा सामान्य जानकारी भएता पनि यस पूर्वप्रस्थान अभिमुखीकरण तालिममा अरू धेरै विषयमा जानकारी प्राप्त हुन्छ । यो तालिम तीन दिन (१८ घण्टा)को हुन्छ ।

वैदेशिक रोजगार विभागबाट अनुमति प्राप्त संस्थाहरूबाट मात्र अभिमुखीकरण तालिम लिनुपर्दछ । अभिमुखीकरण तालिमबाट मुख्यतया निम्नलिखित विषयहरूको जानकारी पाउन सकिन्छ:

- वैदेशिक रोजगारसम्बन्धी कानुन
- यात्रापूर्वको तयारी
- यात्राको क्रममा अपनाउने प्रक्रिया
- आचरण, स्वास्थ्य र तनाव व्यवस्थापन
- सूचना प्रविधिको प्रयोग
- कार्यस्थलमा अपनाउनपर्ने सावधानी र सुरक्षा
- स्वास्थ्य र व्यवसायजन्य सुरक्षा
- पारिश्रमिकको व्यवस्थापन
- सहयोगी निकाय र सहयोग लिने तरिका
- गन्तव्य मुलुकको अवस्था र त्यहाको श्रम कानुनको सामान्य जानकारी
- गन्तव्य मुलुकको आधारभूत भाषा/शब्दहरू

महिला कामदारले अभिमुखीकरण तालिम लिँदा तिरेको शुल्क वैदेशिक रोजगार बोर्डको सचिवालयबाट सोधभर्ना पाइन्छ । यसका लागि तालिम केन्द्रले शुल्क लिएको सक्कल रसिद, तालिम प्रमाणपत्रको प्रतिलिपि, श्रम स्वीकृतिको प्रतिलिपि र पासपोर्टको प्रतिलिपि राखेर सचिवालयमा निवेदन दिनुपर्छ ।

# बहुमूल्य काठमा धमिराको रजाइँ

## वन व्यवस्थापन गर्न सके स्वदेशमै रोजगार र आम्दानी



■ दामोदर खनाल

नेपाल सम्भावना नै सम्भावना भएको मुलुक हो । यद्यपि राज्य चलाउनेहरूको कमजोरी र स्पष्ट योजना बनाउन नसकेका कारण देशमै आवश्यक जल्दा-बल्दा युवा शक्ति दैनिक हजारौंको संख्यामा विदेसिएका छन् । पछिल्लो समय मुलुकमा भएको आर्थिक मन्दीका कारणले वनजंगल, कृषि पर्यटनका सम्भावनाका बारेमा पनि मुलुकमा निकै चर्चा चलेको पाइन्छ ।

देशमा पर्याप्त रूपमा वनजंगल सदुपयोग गरी देशमै पर्याप्त रोजगार दिन सकिने सम्भावना भए पनि विदेशी फर्निचरले संघ, प्रदेशदेखि स्थानीय तहका कार्यालयहरूसम्म रजाइँ गरिरहेको छ । यहाँ प्रशस्त नदीनाला, वनजंगल प्राकृतिक सम्पदा छन् । तर त्यसको समुचित प्रयोग हुन नसक्दा आमनागरिक आफूकहाँ भएको सम्पदाबाट फाइदा लिन सकिरहेका छैनन् । वनजंगल र नदीजन्य पदार्थमा तस्करको रजाइँ चलिरहेको छ । जसका कारण एकातिर राज्यको ठूलो धन सम्पत्ति केही व्यक्तिको कमाइ खाने साधन बनेको छ भने अर्कोतिर राजस्व चुहावटसँगै ठूलो रकम विदेसिएको छ ।

### नाममात्रको वन व्यवस्थापन

सरकारले विभिन्न ठाउँमा वन व्यवस्थापनका लागि वनमा रहेका बूढा पुराना मदर रुखको व्यवस्थापन सुरु गरेपछि राजस्व बढ्नुका साथै वन तस्करी र चोरी निकासीमा केही कमीहुँदै आएको बताइएको छ । यद्यपि, वैज्ञानिक वन व्यवस्थापनका क्रममा काटेर राखिएका महत्त्वपूर्ण प्राकृतिक सम्पदा बूढा, पुराना र महत्त्वपूर्ण काठहरू समयमै बिक्री वितरण हुन नसक्दा महत्त्वपूर्ण आर्थिक सम्पदा घामपानीबाट सड्नुका साथै धमिराले खाएर माटोमा बिलीन भइरहेको छ । समयमै उचित व्यवस्थापन नहुँदा विभिन्न जिल्लाका विभिन्न ठाउँमा दशकौंदेखि काठ सडिरहेको छ । करोडौं करोड मूल्य पर्ने काठ वन कार्यालय र जंगल परिसरमै वर्षा र धमिराले नष्ट पार्दा पनि वन मन्त्रालय, मन्त्री र कार्यालयका कर्मचारीहरूको ध्यान जान नसकेको जगजाहेर नै छ । अनि कतिपय वनका नीति नियम अव्यावहारिक र झन्झटिलो प्रक्रियाका भएका कारण सर्वसाधारण सरोकारवालाहरू समस्यामा परेको देखिन्छ ।

सरोकारवाला निकायले वनको व्यवस्थापन गर्न चासो नदिएर हो वा दिएर पनि व्यवस्थित हुन नसकेको हो, बुझ्न कठिन छ । मेची-महाकाली यात्रा गर्ने जो कोहीले धेरै ठाउँका जंगलमा सडेका काठ, दाउरा, धमिरा र डढेलोले खाएका काठका गोलिया, ढलेपडेका रुखको विजोग भएको दृश्य देखेकै हुनुपर्दछ । कतिपय ठाउँमा रहेको वन व्यवस्थापन भए पनि ती वनका काठ दाउराको उचित व्यवस्थापन र समयमै बिक्री वितरण हुन नसक्दा करोडौं मूल्य पर्ने काठ दाउरा धमिराले खाएर खोक्रो बनाएको देखिन्छ ।

यो त एउटा उदाहरणमात्र हो । काठ कुहिनु, धमिराले खानु सामान्यजस्तै भएको छ । निम्न वर्ग र फर्निचर उद्योगलाई काठ दाउराको अभाव भएका बेला यो अपार सम्पत्ति त्यसै माटोमा परिणत भएको छ । आमनेपालीले आफ्नो सामान्य घर गोठ निर्माणमा काठका लागि भने धेरै धनराशि खर्च गर्न परिरहेको छ । अझ सरकारले काठ काट्न रोक लगाएपछि त कतिपय ठाउँमा शव जलाउने दाउराकोसमेत समस्या रहेको स्थानीयहरूको गुनासो पाइन्छ । काठको टेण्डर हुने, घाटगद्दीबाट काठ उठाउने र बिक्री गर्ने काममा सरकारले काठ ओसारपसार र ढुवानीमा रोक लगाउने निर्णय गरेपछि अर्बौं रूपैयाँको काठ जंगलभित्रै थुप्रिएको छ ।

हुन त कतिपय ठाउँमा भएको वन विनासबारे छानबिन गर्न मन्त्रिपरिषद्ले वनविज्ञसहितको उच्चस्तरीय छानबिन समिति बनाएको थियो । समितिले जथाभावी रूख काटिएका भनिएका कैलाली, बाँके, बर्दिया, दाङ, रूपन्देही, कपिलवस्तु, नवलपरासी चितवन, मकवानपुरलगायत जिल्लाको स्थलगत अध्ययन गरेको थियो । समितिले प्रतिवेदनमा कटान-मुछान भएर जंगलमा थुप्रिएका काठ लामो समय त्यत्तिकै रहँदा नासिने र बिग्रिने तथा स्तर खस्किन गई नोक्सानी हुने देखिएकाले कानुनबमोजिम ओसार पसार र बिक्रीका लागि खुला गराउन सरकारलाई सुझाव दिएको थियो । तर जंगलमा काठ सड्ने स्थिति यथावत् नै छ । वनजंगलको यस्तो समस्या अहिलेको होइन । पहिल्यैदेखि सामुदायिक वन र सरकारी वनमा रहेका हजारौं हजार क्युविक फुट बूढा पुराना रुखहरू पनि त्यसै सडेर गइरहेको छ । कतिपय काठ दाउरा लामो समयदेखि काटेर घाटगद्दी गरेर राखेका महत्त्वपूर्ण करोडौं रूपैयाँका अमूल्य काठहरू पनि त्यसै अलपत्र परेर सडिरहेका छन् ।

नेपालभरका जंगलमा यस्ता ढलेपडेका, सुकेका बूढा पुराना रुखहरू त्यसै अलपत्र परेका कारण अर्बौं अर्बको सम्पत्ति त्यसै नष्ट भएर गएको छ । यस्तो हुनुमा हाम्रा कर्मचारी र सरकार चलाउनेहरूकै दोष छ । यदि काम गर्ने दृढ इच्छाशक्ति र निःस्वार्थ भावना उनीहरूमा हुने हो भने सहजै समस्या समाधान हुन सक्छ । तर, यही वनबाट कमाउन पल्केका सीमित व्यक्तिका स्वार्थका कारण समस्या सधैं बल्झिरहेको छ । मुलुकका विभिन्न वनमा व्यवस्थापन कार्यक्रम पनि सुरु भएको केही वर्ष भएको छ । हुन त कतिपय वनलाई ८० वर्ष बालि चक्र अवधि र १० वर्षे पुनरुत्पादन अवधि कायम गरी व्यवस्थापन सुरु गरिएको बताइन्छ । वैज्ञानिक वन व्यवस्थापन सुरु भएपछि 'मदर ट्री'हरू हटाउने र वनको वैज्ञानिक व्यवस्थापन गर्ने काम भएको छ । तर पनि कतिपय वनका पदाधिकारी र कर्मचारी जिम्मेवार नहुँदा हरियो वन तस्कर, बिचौलिया र केही नेता कर्मचारीको धन बनिरहेको छ ।

### राजस्व गुमाउँदै

फर्निचर उद्योगी व्यवसायीहरूका अनुसार मुलुकमा वार्षिक करिब सात खर्ब रूपैयाँबराबरको काठ उत्पादन क्षमता रहे पनि हाल करिब १८ अर्ब रूपैयाँ बराबरको आयात भइरहेको छ । वनबाट वार्षिक करिब नौ करोड क्युफिट काठ निकाल्न सकिने र छ करोड क्युफिट काठ मुलुकमै खपत हुने भएकोले बाँकी तीन करोड क्युफिट काठ निर्यात गरी राम्रो आम्दानी लिन सकिने सम्भावना रहेको फर्निचर उद्योगीहरूको भनाइ छ । तर हाम्रो देशको नीति नियम अचम्म लाग्ने खालका छन् । फर्निचर उद्योगी व्यवसायीले न त सहजरूपमा काठ खरिद बिक्री गर्न पाउँछन् न त काठको टेण्डर नै हाल्न पाउँछन् । यसरी फर्निचर उद्योगीलाई वनको टेण्डरसमेत हाल्न दिने व्यवस्था नहुनुले वनका नीति नियमप्रति नै आशंका उब्जाउँछ । कतिपय वन क्षेत्रका विकास निर्माणका काममा पनि निकै ढिलासुस्ती भएको पाइन्छ । तर 'टेबल मुनि/माथिबाट रकम दिने हो' भनी जस्ता काम पनि फत्ते हुने परिपाटी सबैलाई जगजाहेरै छ ।

मुलुकमा त्यसै खेर गएको काठलाई सुधारिएको चुलो निर्माण गरी सहरबजार, गाउँघरमा इन्धनको रूपमा प्रयोग गर्न सके ग्यास आयातसमेत न्यूनीकरण गर्न सकिन्छ । जसबाट ठूलो रकम विदेसिनबाट जोगिन्छ । अर्कोतिर वनजंगलका बोट बिरुवा कटानी छटानी नहुँदा बाँदर बढेर बालिनाली खाइदिने गरेका कारण कतिपय ठाउँमा मकै, फलफूललगायत अन्नबाली लगाउन छाडेका छन् । यसको नियन्त्रणका लागि ठाउँठाउँमा दुई-चार वटा ठूला आधुनिक प्लाइउड उद्योग स्थापना गर्न सके जंगल काँटछाट गरी निस्केको सानातिना हाँगाबिगासमेत प्रयोग हुन सक्छ, जहाँ थुप्रैका लागि रोजगार सिर्जना हुने सम्भावना देखिन्छ ।

कतिपय वनको काठदाउरा ठेक्कापट्टा त्यति व्यवस्थित हुन सकेको देखिँदैन । जसका कारण ठेकेदारहरूले वनका केही कर्मचारी समितिका पदाधिकारीसँग मिलेमतो गरी काठदाउरामा कमाउधन्दा फस्टाउन थालेको पनि पाइन्छ । देशका विभिन्न ठाउँमा, उपभोक्ता समिति, प्रहरी, सशस्त्र प्रहरी बलले अवैध काठसहित तस्कर समात्यो भन्ने खबरहरू आइरहेकै हुन्छन् । यस्ता खबरका थुप्रै उदाहरण मेची महाकालीका विभिन्न वनमा भेटिन्छ । सानातिना काठ चोरीका काम गर्ने, काठ मिलमा काठ बेच्नेलाई प्रहरी प्रशासनले समाते पनि ठूला वन माफियालाई नियन्त्रणमा लिएको समाचार विरलै आउँछन् ।

नेपालको कानुन पनि बढो अजिवको छ । आफ्ना बारी खरबारीमा भएको हुर्केका हुर्काइएका एक-दुई रुख काट्न पऱ्यो भने पनि नानाथरी प्रक्रिया पार गर्नुपर्छ । देशमा काठ सडेर गएको छ तर चीन, मलेसियाबाट भने खुलेआम फर्निचर भित्रिएका छन् । सरकारी कार्यालयमा विदेशी चिल्ला फर्निचर सजिएका छन् ।

यसरी वार्षिक अर्बौं नेपाली रकम विदेसिने गरी बाहिरको फर्निचर खुलेयाम आयात गर्न नदिन आवश्यक पर्ने नीति नियम सरकारले ल्याउनुपर्ने हो । तर कमिसनमा रमाएका केही व्यक्तिका कारण विदेशी फर्निचरको आयात रोकिएको छैन भन्छन् फर्निचर व्यवसायीहरू । जे जसरी जसलाई पनि कमाउनै परेको यो मुलुकमा यस्ता सवालमा को बोल्ने ? कसले चिन्ता र चासो लिने ? सरकार भएको अनुभूति नेपालमा पद लिनेबाहेक अरुले गर्न सकेका छैनन् भन्दा फरक पर्दैन ।

नेपाली काठ सडेर जान दिनुभन्दा यसको समुचित प्रयोग गर्न सके ठूलो धनराशि विदेसिनबाट जोगिन्थ्यो, रोजगारी सिर्जन हुन्थ्यो । स्वदेशी फर्निचर उद्योगीको पनि हिम्मत बढ्थ्यो । हरेक स्थानीय तह र सरकारी कार्यालयमा नेपाली फर्निचर अनिवार्य प्रयोग गर्नुपर्ने निति नियम ल्याउन सकिन्छ । तर यस्ता सवालमा न सरकारको ध्यान गएको छ न त सरोकारवालाको ? सरकारले विदेशी काठ र फर्निचरमा भन्सार बढाएर स्वदेशी काठको अधिकतम् सदुपयोग गर्ने रणनीति बनाउन जरुरी छ ।

कतिपय वनका घाटगद्दी गरी राखिएको काठदाउराको यकीन तथ्यांक पनि कार्यालयका कर्मचारी दिन आनाकानी गरिरहेका हुन्छन् । सरोकारवाला निकाय यसप्रति चनाखो हुन सकेको पनि देखिँदैन । यस्तै कारण हरियो वन तस्करको धन भएको होला ! हुन त केही सामुदायिक वनले आधुनिक वन व्यवस्थापनको सिको गर्न थालेपछि वन व्यवस्थापनको क्रममा कटान, छपान, मुछान, ढुवानी, घाटगद्दीका साथै गोडमेलसमेतका कार्य गर्ने क्रममा प्रत्यक्ष रूपमा वार्षिक प्रतिहेक्टर करिब एक हजार ५०० श्रम दिन बराबरको रोजागरी सिर्जना भएको बताइन्छ ।

वन व्यस्थापनबाट यहाँको पैदावर उपभोक्ता क्षेत्रभित्र पनि बाँडफाँड गरिने हुँदा उपभोक्ता पनि लाभान्वित भएका छन् । तर सक्कली राम्रा काठका लागि भने साधारण उपभोक्ताले चर्को मूल्य तिर्न परिरहेको अवस्था छ । तसर्थ राज्य कोषबाट ठूलो धनराशि लगाएर जंगलबाट काटेर ल्याएको काठदाउरा त्यसै कुहिन दिन हुँदैन । यसप्रति सरोकारवाला निकायको ध्यान जान जरुरी छ । स्पष्ट नीति नियम बनाएर अगाडि बढ्न सके यो जर्जर अर्थतन्त्रलाई वन क्षेत्रबाट ठूलो टेवा पुग्ने देखिन्छ । अनि अर्को ठूलो समस्या राजमार्ग निर्माण, खानी उत्खनन, केबलकार निर्माण, विद्युतीकरणजस्ता सवालका काममा पनि वनको व्यापक दुरूपयोग भएको पाइन्छ ।

वनले काठ, दाउरा, जडीबुटी, घाँसपातजस्ता वस्तुको अतिरिक्त खानेपानी, सिँचाइ, जलविद्युत्, पहिरो नियन्त्रण, कार्बन सञ्चितीकरण, जैविक विविधता, पर्यापर्यटन, वातावरण सन्तुलनजस्ता क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले वस्तु वा सेवा वा दुवैको दिगो आपूर्तिमार्फत आर्थिक एवं वातावरणीय योगदान पुऱ्याइरहेको छ । देशको आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय विकासमा वन क्षेत्र/संरक्षित क्षेत्रको योगदान महत्त्वपूर्ण रहेको तथ्य हाम्रो सामु छ ।

नेपालमा वन क्षेत्रले देशको कूल भूभागको करिब ५० प्रतिशत भूभाग ओगटेको छ । वन क्षेत्रबाट प्राप्त हुने वस्तु र सेवाबाट वातावरण सन्तुलन गर्दै आर्थिक लाभ लिन सकिने र देशलाई नै आर्थिकरूपले समृद्ध बनाउन सकिने प्रशस्त सम्भावना छ । यसका लागि राजनीतिक स्थायित्व, सरकार र सरोकारवालाको काम गर्ने इच्छाशक्ति र प्रतिबद्धता पहिलो सर्त हो ।

वन स्रोतको सदुपयोग गरी आमजनताका आवश्यक वस्तु उत्पादन गरी आत्मनिर्भर बन्दै काष्ठजन्य वस्तुको आयात घटाउने, कर्मचारीहरूमा सामूहिक प्रतिबद्धतासहितको पेसागत व्यावसायिकता बढाउनेजस्ता कार्य गर्न सके हामीले वन क्षेत्रबाट सोचेभन्दा धेरै आर्थिक लाभ लिई समृद्धिको बाटोमा अगाडि बढ्दै ठूलो जनशक्तिलाई रोजगार दिन सकिन्छ ।

वनले काठ, दाउरा, जडीबुटी, घाँसपातजस्ता वस्तुको अतिरिक्त खानेपानी, सिँचाइ, जलविद्युत्, पहिरो नियन्त्रण, कार्बन सञ्चितीकरण, जैविक विविधता, पर्यापर्यटन, वातावरण सन्तुलनजस्ता क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले वस्तु वा सेवा वा दुवैको दिगो आपूर्तिमार्फत आर्थिक एवं वातावरणीय योगदान पुऱ्याइरहेको छ । देशको आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय विकासमा वन क्षेत्र/संरक्षित क्षेत्रको योगदान महत्त्वपूर्ण रहेको तथ्य हाम्रो सामु छ ।

वन स्रोतको सदुपयोग गरी आमजनताका आवश्यक वस्तु उत्पादन गरी आत्मनिर्भर बन्दै काष्ठजन्य वस्तुको आयात घटाउने, कर्मचारीहरूमा सामूहिक प्रतिबद्धतासहितको पेसागत व्यावसायिकता बढाउनेजस्ता कार्य गर्न सके हामीले वन क्षेत्रबाट सोचेभन्दा धेरै आर्थिक लाभ लिई समृद्धिको बाटोमा अगाडि बढ्दै ठूलो जनशक्तिलाई रोजगार दिन सकिन्छ ।

## पाठक मञ्च

# राजस्व अनुगमनमा प्रभावहीन सरकार

आमनागरिक अर्थमन्त्री विष्णु पौडेललाई सोध्छन्, 'कुनै पनि वस्तु तथा सेवा खरिद गरेपश्चात् बिल पाउने अधिकार हुन्छ कि हुँदैन ?' नेपालमा कहीँ कतै पनि बिल दिने चलन छैन । व्यापारीदेखि घरधनीसम्म पैसा लिन्छन् तर बिल दिँदैनन् । सरकार भन्छ, कुनै पनि वस्तु तथा सेवा खरिद गरेपछि अनिवार्य रूपमा बिल लिनू ।

अनि दिनेले नदिएपछि कसरी लिनु ? सरकार बिल दिनुपर्ने व्यवस्था कडाइका साथ लागू गर्न सक्दैन । यसले आमनागरिक त मर्कामा परेका छन् नै सँगै राज्यलाई समेत ठूलो हानि नोक्सानी भइरहेको छ । पछिल्लो समय इसेवा, मोबाइल बैंकिङ, खल्तीलगायत वालेटहरू प्रचलनमा छन् ।

अहिले चिया पसलदेखि होटल, रेस्टुरेन्ट, मेडिकललगायत जुनसुकै क्षेत्रमा यी वालेट सञ्चालनमा रहेका छन् । कुनै पनि पसल गएर सामान खरिद गरेमा व्यापारीहरू पैसाको साटो रकम ट्रान्सफर गरिदिनू भन्छन् । सोहीअनुरूप ग्राहकले पनि इसेवामार्फत रकम हालिदिन्छन् । तर, त्यो इसेवा सम्बन्धित व्यापारीको नाममा हुन्छ ।

कम्पनीको नाममा हुँदैन । जसका कारण उनीहरूले दिनमा लाखौंको कारोबार गरे पनि राज्यलाई भने व्यापार नभएको भन्दै राजस्व छल्छन् । त्यसो त हाल मुलुकमा सञ्चालनमा रहेका अधिकांश व्यापार व्यवसायको दर्ता नै छैन । व्यापारीहरूले आफूले सकेसम्म राज्य र जनतालाई ठग्दै आएका छन् । यता, पठाओमार्फत दिनहुँ लाखौं सर्वसाधारण यात्रा गर्छन् । कहीँ कतै जान हतार परेमा अहिले मानिसहरू सीधै पठाओ वा ट्याक्सी बुकिङ गर्छन् । त्यसमा पनि इसेवाबाटै भाडा रकम ट्रान्सफर गर्ने गरिएको छ । सम्बन्धित चालकले आफ्नो व्यक्तिगत खातामा रकम हाल्न लगाउँछन् ।

यसरी व्यक्तिगत खातामा रकम हाल्न लगाएपछि उनीहरूले आम्दानीबापत राज्यलाई तिर्नुपर्ने राजस्व छल्छन् । घरधनीहरू ठाउँअनुसार कोठा, सटर र फ्ल्याटको मूल्य तोक्छन् । अहिले उपत्यकामा एउटै कोठाको मासिक भाडा पाँच हजारदेखि २० हजार रूपैयाँसम्म छ । एक फ्ल्याटको ३० हजारदेखि तीन दुई लाख र एउटा सटरको २५ हजारदेखि १९ लाखसम्म रहेको छ । खाली सटर २० लाखदेखि ५० लाखसम्म किनबेच हुने गरेको छ ।

रोचक कुरा त के छ भने घरधनीहरू डेराबहालसँग यत्रो भाडा उठाउँछन् । तर, न उनीहरूलाई बिल दिन्छन् न राज्यलाई राजस्व तिर्छन् । अहिले कतिपय घरधनीहरूले मोबाइलमार्फत पनि कारोबार गर्ने गरेका छन् । उनीहरू डेराबहाललाई इसेवा, मोबाइल बैंकिङमार्फत भाडा रकम ट्रान्सफर गरिदिन भन्छन् । सोबमोजिम डेराबहालले रकम ट्रान्सफर गरिदिन्छन् । अनि राज्यलाई तिर्नुपर्ने राजस्व भने विभिन्न बहाना बनाएर छल्छन् ।

**– रुषा थापा, भक्तपुर**




**प्रजातन्त्र दिवसमा प्रभातफेरी** | ७५औं राष्ट्रिय प्रजातन्त्र दिवसका अवसरमा जिल्ला समारोह समितिले बुधबार बागलुङ बजारमा निकालेको प्रभातफेरीका सहभागीहरू । *तस्बिर: डम्मर बुढामगर/रासस*

# युवालाई व्यवसायमा खुड्किलो चढ्ने माध्यम बन्यो 'ब्याज अनुदान' सुशीला रेग्मी

**रामपुर (पाल्पा)–** स्वदेशमै बसेर केही गर्छु भन्ने मनसाय बोकेका युवालाई ब्याज अनुदान कार्यक्रम एउटा खुड्किलो चढ्ने माध्यम बनेको बताउँछन्, युवा व्यवसायी विनोद श्रेष्ठ । रामपुर नगरपालिकामार्फत सञ्चालित युवा स्वरोजगार कार्यक्रमअन्तर्गत ब्याज अनुदानमा सिफारिस भई उनले व्यवसाय चलाएका छन् ।



पहिलोपटक ब्याज अनुदानमा नगरपालिकाबाट सिफारिस भई उनले १० लाख रूपैयाँको ब्याज अनुदान लिए । दोस्रोपटकका लागि पनि उनी यस आर्थिक वर्षको कार्यक्रममार्फत पुनः कार्यक्रममा दोहोरिएका छन् । उनले पहिलोपटक नगरपालिकाले तोकेको प्रक्रियाअनुसार व्यवसाय चलाएका थिए । यसपटक सो कार्यक्रममा २० लाख रूपैयाँ सिफारिसमा परेको श्रेष्ठले बताए ।

'व्यवसाय भनेको आफैंले लगानी गर्ने हो, अनुदान भनेको एउटा खुड्किलो चढ्ने माध्यम हो, नगरपालिकाले ल्याएको यस कार्यक्रमले व्यवसायमा सहजता ल्याएको छ, व्यवसायका लागि बैंकबाट लिएको ऋणको ब्याज नगरपालिकाले तिरिदिएपछि धेरै सजिलो भएको छ,' उनले भने ।

उनले होलस्टिन नामबाट पशुफार्म चलाएका छन् । लामो समयदेखि पशुफार्म व्यवसायमा आबद्ध श्रेष्ठले नगरपालिकाले सञ्चालन गरेको ब्याज अनुदान कार्यक्रमको प्रभाव युवामा परेको बताए । यसले युवालाई व्यवसाय गर्न प्रोत्साहन मिलेको छ । 'ब्याज अनुदान कार्यक्रम असाध्यै राम्रो छ, व्यवसाय सानो होस् या ठूलो लगानी आफैंले गर्ने हो,' उनले भने, 'तर अनुदान आउनु र पाउनु भनेको एउटा व्यवसायमा खुड्किलो चढ्ने आधार हो, यसलाई हामीले प्रोत्साहनका रूपमा लिनुपर्छ ।'

उनले पशु खरिद बिक्री, दूध उत्पादन तथा बजारीकरण कार्य गरिरहेका छन् । श्रेष्ठले विदेश जान लागेका युवालाई स्वदेशमै बसेर केही गर्न सकिन्छ भन्ने उदाहरण देखाउँदै पशुपालनमा लागेको बताए । हाल उनको फार्ममा गाईभैँसीसहित १० वटा पशु छन् । पशु थप्ने तयारी गरिरहेका छन् । उनले २० वटा लैनो भैँसीपालन गर्ने योजना बनाएका छन् । हाल ६० लिटर दूध उत्पादन लिइरहेको र धेरै हुँदा १३० लिटर उत्पादन हुने गरेको श्रेष्ठ बताउँछन् ।

रामपुर नगरपालिकाले सञ्चालन गरेको युवा स्वरोजगार कार्यक्रममार्फत युवाले विभिन्न व्यवसाय गरेर आत्मनिर्भर बन्दै गएका छन् । विदेश गएर फर्केका र जाने तयारीमा रहेका युवालाई स्वदेशमै बसेर विभिन्न व्यवसाय सञ्चालन गरी स्वरोजगार बनाउन आव २०७६/७७ देखि नगरपालिकाले युवा स्वरोजगारअन्तर्गत ब्याज अनुदान कार्यक्रम सुरु गरेको हो । यस कार्यक्रममा सिफारिस भएका व्यवसायीलाई बैंकमा लिएको ऋणको ब्याज बुझाउनुपर्ने झन्झट व्यहोर्नुपरेको छैन ।

सुरुमा पाँच लाख रूपैयाँबाट ब्याज अनुदान दिन थालेको नगरपालिकाले हाल भने ३० लाख रूपैयाँसम्म अनुदान दिने गरेको छ । यस कार्यक्रमबाट अहिलेसम्म ९७ युवा लाभान्वित भएका छन् । हालसम्म एक करोड ११ लाख ६९ हजार रूपैयाँबराबरको रकम लगानी गरिएको छ । युवा वैदेशिक रोजगारमा जाने बढ्दै गइरहेको अवस्था हुँदा उनीहरूलाई गाउँमै व्यवसाय सञ्चालन गरेर टिक्ने वातावरण बनाउँदै ब्याज अनुदान कार्यक्रम ल्याइएको रामपुर नगरप्रमुख एवं युवा स्वरोजगार कार्यक्रम सञ्चालन समिति संयोजक रमणबहादुर थापा बताउँछन् ।

'सीधै अनुदान रकम दिनुभन्दा ब्याजमा लगानी गरिदिँदा व्यवसाय दीर्घकालसम्म टिक्ने र व्यवसायीलाई पनि बैंकबाट लिएको ऋणको ब्याज तिर्नुपर्ने भार परेन,' नगरप्रमुख थापाले भने, 'बैंकको ब्याज रकम नगरपालिकाले बुझाइदिने भएपछि व्यवसायीलाई ब्याज तिर्ने तनाव भएन, व्यवसायमा मात्रै ध्यान दिएर भयो, ब्याज अनुदान कार्यक्रम धेरै प्रभावकारी र लामो समयसम्म व्यवसाय टिक्ने देखिएको छ ।'

यस आवमा नगरभित्रका ४४ जना युवालाई कार्यक्रममा छनोट गरिएको नगरप्रमुख थापाले बताए । मापदण्डअनुसार व्यवसाय नगर्नेका लागि भने अनुदान रोक्का गरिने उनी बताउँछन् । नगरप्रमुख थापाका अनुसार कार्यक्रममा समावेश व्यवसायीले तोकेको मापदण्डअनुसार प्रक्रिया पूरा गर्नेलाई अनुदान उपलब्ध गराइएको छ ।

तरकारी, फलफूलखेती, संरचनाभित्र तरकारीखेती/तरकारी वा फलफूल वा पुष्प नर्सरी, कुखुरापालन (ब्रोइलर), कुखुरापालन (स्थानीय, लेयर्स, हाँसलगायत अन्य पन्छीपालन), माछापालन, बाख्रापालन, मौरीपालन, च्याउखेती, बंगुरपालन, गाईभैँसीपालन व्यवसाय गर्नका लागि नगरपालिकाले ब्याज अनुदान उपलब्ध गराउँदै आएको नगरपालिका कृषि शाखा प्रमुख एवं सदस्यसचिव नारायणप्रसाद गैरेले बताए । कार्यक्रममा सिफारिस भएर व्यवसायमा लागेका व्यवसायीको बेलाबेलामा समितिले तोकेको मापदण्डअनुसार काम गरे/नगरेको अनुगमन गर्ने कार्य भइरहेको प्रमुख गैरे बताउँछन् ।

उनका अनुसार तरकारीखेती/फलफूलखेती न्यूनतम दुईदेखि पाँच रोपनीमा खेती गर्नेलाई पाँच लाख रूपैयाँ, १० रोपनीमा १० लाख रूपैयाँ, ३० रोपनीमा २० लाख रूपैयाँ, ५० रोपनीमा ३० लाख रूपैयाँ रहेको छ भने संरचनाभित्र तरकारी खेती/तरकारी वा फलफूल वा पुष्प नर्सरी व्यवसाय न्यूनतम एक रोपनीमा पाँच लाख रूपैयाँ, पाँच रोपनीमा २० लाख रूपैयाँ, १० रोपनीमा ३० लाख रूपैयाँ र च्याउखेती न्यूनतम तीन डुम हाउसलाई पाँच लाख रूपैयाँ, छ डुम हाउसलाई १० लाख रूपैयाँ, १२ डुम हाउसलाई २० लाख रूपैयाँ र १८ डुम हाउसलाई ३० लाख रूपैयाँ रहेको छ ।

बंगुरपालनतर्फ न्यूनतम पाँच माउ वा २० वटा बच्चा भएकालाई छ लाख रूपैयाँ, १० वटा माउलाई १२ लाख रूपैयाँ, २० माउलाई २४ लाख रूपैयाँ, २५ माउलाई ३० लाख रूपैयाँ छ भने गाईभैँसीपालनतर्फ न्यूनतम पाँच माउका लागि १० लाख रूपैयाँ, १० माउलाई २० लाख रूपैयाँ, २० माउका लागि ३० लाख रूपैयाँ रहेको छ ।

यस्तै, कुखुरापालन (ब्रोइलर) न्यूनतम ५०० पालन गरेमा तीन लाख रूपैयाँ, ८०० लाई पाँच लाख रूपैयाँ, एक हजार ६०० गर्नेलाई १० लाख रूपैयाँ, तीन हजार २०० लाई २० लाख रूपैयाँ छ । पाँच हजार कुखुरापालनका लागि ३० लाख रूपैयाँ र कुखुरापालनमै (लोकल, लेयर्स, हाँसलगायत अन्य पन्छीपालन) न्यूनतम ५०० पन्छीका लागि छ लाख रूपैयाँ, एक हजार ५०० पन्छीपालन गर्नेलाई १५ लाख रूपैयाँ, तीन हजार कुखुरापालन गर्नेलाई ३० लाख रूपैयाँ रकम ब्याज अनुदानको रूपमा उपलब्ध गराइने कार्यविधिमा उल्लेख छ ।

माछापालनतर्फ भने न्यूनतम दुई रोपनीमा पाँच लाख रूपैयाँ, पाँच रोपनीमा १० लाख रूपैयाँ, १० रोपनीमा २० लाख रूपैयाँ, १५ रोपनीमा ३० लाख रूपैयाँ छ भने बाख्रापालनतर्फ (माउबाख्रा) न्यूनतम १० वटा माउ बाख्राका लागि पाँच लाख रूपैयाँ, २० भएमा १० लाख रूपैयाँ, ४० भएमा २० लाख रूपैयाँ, ६० माउबाख्रालाई ३० लाख रूपैयाँ र मौरीपालनतर्फ न्यूनतम २० घार भएमा तीन लाख रूपैयाँ, ४० घारलाई छ लाख रूपैयाँ, ८० घारलाई १२ लाख रूपैयाँ, २०० घारलाई ३० लाख रूपैयाँ रहेको छ । अन्य व्यवसाय तथा विन व्यवसायका लागि भने समितिको निर्णयानुसार उपलब्ध गराइने छ ।

दुई वर्षसम्म युवा स्वरोजगार कार्यक्रममार्फत ब्याज अनुदान प्राप्त गरिसकेका युवा उद्यमीले पुनः कार्यक्रममा सहभागी भई ब्याज अनुदानका लागि प्रस्ताव पेस गरेमा समितिले पूर्वसञ्चालित व्यवसायमा थप न्यूनतम मापदण्ड पूरा गरी मापदण्डअनुसारको कर्जा रकममा ब्याज अनुदान दिइने कार्यविधिमा जनाइएको छ । समितिले तोकेको मापदण्ड र कार्यविधिमा रहेर व्यवसाय गर्ने युवालाई कार्यक्रममा समावेश गरिने गरिएको छ । केही काम गर्न चाहना भएका युवा उद्यमीलाई व्यवसायबाट स्वरोजगार र आत्मनिर्भर बनाउन ब्याज अनुदान उपलब्ध गराइएको छ । यस कार्यक्रममा सहभागी हुन इच्छुक व्यक्तिका लागि २१ वर्षदेखि ५९ वर्ष उमेर तोकिएको छ । *रासस*

पृष्ठ १ बाट क्रमशः

परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले बुधबार यस प्रकरणबारे ओडिसाका उच्च शिक्षामन्त्रीसँग फोनमा कुराकानी गरेकी छन् । ओडिसाका उच्च शिक्षामन्त्री सूर्यवंशी सुरजसँग लम्सालको मृत्युको निष्पक्ष अनुसन्धान र दोषीमाथि कानुनी कारबाहीका साथै त्यहाँका नेपाली विद्यार्थीहरूलाई कलेजमा सुरक्षित वातावरणसहित पठनपाठनको व्यवस्थाका लागि आग्रह गरेको उनको निजी सचिवालयले जनाएको छ ।

विश्वविद्यालयले नेपाली विद्यार्थीलाई फोन, म्यासेज र मेलमार्फत विश्वविद्यालय फर्किन अनुरोध गर्दै आएको छ । करिब १२०० नेपाली विद्यार्थी उक्त विश्वविद्यालयमा अध्ययनरत थिए । यसमध्ये १०० जना नेपाल फर्किसकेका छन् । त्यहाँको सुरक्षा अवस्था ठीक नरहेको भन्दै नेपाली विद्यार्थी फर्कन मानिरहेका छैनन् ।

**नेपाल सरकार**
**भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय काठमाडौं**
**सडक डिभिजन जनकपुर**
**मुजेलिया धनुषा**

**स्पष्टिकरण पेश गर्ने सम्बन्धमा**

प्रस्तुत विषयमा यस सडक डिभिजन अन्तर्गतका तपसिलका निर्माण व्यवसायीले तपसिलका ठेक्काहरूको निर्माण कार्यको सम्बन्धमा निर्माण व्यवसायीबाट विभिन्न समयमा पेश गरेको संशोधित कार्यतालिका तथा समयमै निर्माण कार्य सम्पन्न गर्ने प्रतिबध्दता अनुसार निर्माण कार्य समयमै सम्पन्न गर्न यस डिभिजनबाट पटक-पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत चाँलु आ.व.मा शून्य रसाह्रै न्यून प्रगति रहेको, निर्माण व्यवसायीहरूबाट तोकिएको अवधिमा निर्माण कार्य सकिने गरी निर्माण स्थलमा भौतिक रूपमा उपस्थित नदेखिएको हुँदा यो सूचना प्रकाशित मितिले (७)सात भित्र ठेक्काको शर्त बमोजिम कारवाही किन नगर्ने सम्बन्धि स्पष्ट चित्तबुझ्दो जवाफ सहित निर्माण व्यवसायी स्वयम् वा निजको अधिकारिक प्रतिनिधि मार्फत उपस्थित भई यस डिभिजनमा स्पष्टिकरण पेश गर्नुहुन अनुरोध छ । अन्यथा ठेक्का सम्झौताको शर्त तथा प्रचलित ऐन कानून अनुसार कारवाहीको प्रक्रिया अगाडी बढाउने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

| सि.न. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम |
|---|---|---|---|
| १ | DROJKR/337157 -4/070-71-206 | Construction of Single Span RCC Bridge at Beluti River Along Hanumnagar-Akaura Rampur Bahuarwa Bharariya bharat border dhanusha | Ram Janaki Nirman Sewa Pvt Ltd Janakpur -10 Dhanusha |
| २ | DROJKR/337320 -4/070-071/207 | Construction of Single Span RCC Bridge Dhudhmati River along Janakpur Bhamarpura Road Dhansuha | श्री बज्रगुरू/म्यागलुंग जे.भी.जनकपुर-४ |
| ३ | DROJKR/337356 -4/071-72/85 | constructions of blacktop & RCC works along janakpur-Kurtha- RamgopalPur-samsi Road Dhanusha | स्वच्छन्द निर्माण सेवा प्रा.ली. कालिमाटी, काठमाडौं |
| ४ | DROJKR/337157 -4/071-072/101 | Construction of RCC Bridge at Jallad River Deupura Rupaitha Bahuwarwa Road Dhanusha | ढुकुचु म्यालुंग जे भी जनकपुर |
| ५ | DROJKR/337157 -4/071-072/103 | Construction of Box Culvert at Tarahari dekhi Khariyani hudai Itaharwa ko sthan samm ko sadak, Dhanusha | माँ जानकी निर्माण सेवा, जनकपुर |
| ६ | DROJKR/337123 -4/071-072\|114 | Construction works at Sunaul-sasaula-laxminiya-samsi-Khakna-sonma road Mahottari | कन्काई रामजानकी जे भी, जनकपुर |
| ७ | DROJKR/337157 -4/071-072/132 | Construction of Blacktop Banigama laxmipur sadak dhanushsa | DHUKUCHHU/ MYANGLUNG JV, Janakpur |
| ८ | DROJKR/337157 -4/72-73/76 | Construction of RCC Bridge Over Dudhmati River Basahiya Dekha Road Mahottari | Dragon /Waiba and Lama JV Kathmandu |
| ९ | 337312/TRIP/ JJD/073-74/02 | Road Upgrading and Improvement works of Janakpur-Dhalkebar | ZIEC- Pappu- Gauriparbati JV Tinkune Kathmandu |
| १० | 3373204/ TRIPJJRIP/ 073-74/03 | Construction of Prestress Bridge (3*40m multiple span) over JalladKhola along Janakpur Parikarma Road (Ch.42+500), Dhanusha | Pappu/Kamal JV, Tinkune Kathmandu |
| ११ | 337320/ TRIPJJRIP/ 073-74/05 | Construction of prestressed Bridge (35m single) over Kholsi (Mangalpur) along Janakpur Parikrama road , Dhanusha | Galwa- The Caravan J/V, kathmandu |
| १२ | 337320/ TRIPJJRIP/ 073-74/06 | Construction of prestressed Bridge (30m single) over Sabela Khola along Janakpur Parikrama road , Dhanusha | Dragon-The caravan, Kathmandu |
| १३ | DROJKR/ 337157-4 /073-74/152 | Construction of RCC T-Girder bridge over BalwaKhola Bridge on Kharihani-Geruwahi-Bhatahi road, Dhanusha | Dragon/The Caravan J.V. Kathmandu |
| १४ | DROJKR/337157 -4/074-75/16 | Contruction of Prestressed bridge over Aukashi River at Jaukh -Gonapura Road, Mahottari | Sapana Bikash And Brothers JV,janakpur Dhanusha |
| १५ | DROJKR/337157 -4/074-75/17 | constructions of RCC Bridge on Dumariya River at Duhabi - Harsaha Road Dhanusha | Kamal Nirman Sewa Pvt.Ltd, Janakpur-9, Dhanusha |
| १६ | 3373204/ TRIPJJRIP/ 075-076/02 | Construction of RCC Bridge over Jallad River, along Janakpur-Jathi 6 lane road ,Dhanusha | Nagarjun Hem Construction jv, Janakpur-4 Dhanusha |
| १७ | 3373204/ TRIPJJRIP/ 075-076/03 | Construction of RCC Bridge over Dudhmati River, along Janakpur-Jathi 6 lane road , Dhanusha | Nagarjun Hem Construction jv, Janakpur-4 Dhanusha |
| १८ | TRIPJJD/ 3373204/ 075-76/06 | constructions of RCC Bridge over Bashai River , along Janakpur - Dhalkebar 6 lane road, Dhanusha | Nagarjun Hem Construction jv, Janakpur-4 Dhanusha |
| १९ | TRIPJJD/ 3373204/ 4/2075-076/07 | Construction Of RCC Bridge over Doodhmati river janakpur- Dhalkebar six line road | Raman-Sugam J.V,Janakpur dhanusha |
| २० | RDJKR/ 337157-4/ 075-76/95 | Construction Of PSC 2-webbed RCC Bridge Over Jalad River Along Bakchauda Katarait Dakshinbari Tole Sadak, Dhanusha | ANK/Shrestha/Sugam J.V. Mahendranagar-1 |
| २१ | RDJKR/33701122/ 076-77/59 | Consruction of 3-Cell RCC Box Culvert at Charnath Uchhal Khola Sabaila-10,Dhanusha | Kamal Nirman Sewa pvt. ltd, Janakpur-9 Dhanusha |
| २२ | RDJKR/33701122/ 076-077/58 | Construction of 2-webbed RCC prestressed bridge over janjha khola tikuliya sasaula mahotari | Roshan –Hirachan jv janakpur -4 dhanusha |
| २३ | RDJKR/ 33701138/ 077-78/37 | Construction of Blacktop Works &Rcc Works along Lalgadh (Police Chauki) Tulasi Ranibas Sindhuli RTO Sadak (From ch.1+340 to Hospital section), Dhanusha | M/S Kamal Nirman sewa pvt ltd. Janakpur-09, Dhanusha |
| २४ | RDJKR/ 33701138/ 077-78/39 | Construction of Blacktop works along Janakpur(Mujeliya) Dhanushadham –Dharapani Ramayan sarkit sadak Mithileshwor Dhanushadham section), Dhanusha. | M/S ISNB/Skyline J/V, Janakpur-02, Nepal |
| २५ | RDJKR/ 33701138/ 077-78/42 | Construction of Earth works Gravel Works along Kanchanban Janki Medical Mithileshwor sabaila Road (From Rajdevi Mandir towards Kanchanban). | Brothers Construction, Jaleshwor-01, Mahottari |
| २६ | RDJKR/ 33701169/ 077-078/43 | Bateshwara Bazar Sitapur Chowk Kartika kunwar Niraspur Luvkush lakshminiwas Ma Vi Wadakaryalaya Sadak Dhanusha | M/S Brothers Construction, Jaleshwor-01, Mahottari |
| २७ | RDJKR/ 33701138/ 077-078/64 | Construction of Blacktop (ashpalt) road along dhalkeber Janakpur Jathi Ghorghas Nimchauk Thalahighat Akraharghat NH-22 Dhanusha | World wide Sugam JV, janakpur-14 |
| २६ | RDJKR/ 33701132/ 077-078/65 | Construction of 2-webbed RCC motorable bridge (2*25m) with pile foundation over Dumariya river along duhbi-Gowarahi road dhanusha | Roshan –Laxman Rekha JV janakpur |
| २९ | RDJKR/ 33701132/ 077-78/66 | Construction Of RCC Multi Cell Box Bridge (2x10*x5) Over Jharni Khola along Godar Chisapani Mainabati Ghoram sadak, Dhanusha | Bajraguru/Aryan J.V. Bardibas-1 Mahottari |

**डिभिजन प्रमुख**

प्रभाव दैनिक

रूपशाला

## 'ताण्डवम्' को प्रिमिएर पनि स्थगित

फिल्म 'ताण्डवम्' को प्रिमिएर स्थगित गरिएको छ । चलचित्र सेन्सर बोर्डले फिल्मको सेन्सरमा रोक लगाएपछि आज बुधबार साँझ हुने भनिएको फिल्मको प्रिमिएर स्थगित गरिएको हो । फिल्म सेन्सरमा रोकिएको कारण प्रिमिएर रोकिएको निर्देशक जुनिम गहतराजले बताए । उनले फिल्मलाई छिट्टै सेन्सर गरेर प्रदर्शनमा ल्याउने तरखरमा आफु लागेको सुनाए । मंगलबार भएको सेन्सरमा फिल्मलाई चलचित्र सेन्सर बोर्डले अत्याधिक हिंसात्मक दृश्य भएकोले सच्याएर ल्याउन भन्दै फिर्ता पठाएको हो ।





बिहीबार, ०८ फागुन २०८१ (Thursday, February 20, 2025)

# 'लाज शरणम्' माथि रोक लगाएकोमा चौतर्फी आलोचना

■ प्रभाव संवाददाता

**काठमाडौं–** फागुन १४ गतेदेखि प्रदर्शनमा आउने चलचित्र 'लाज शरणम्' माथि रोक लगाएकोमा चौतर्फी आलोचना भएको छ । महाशिवारत्रिका दिनदेखि प्रदर्शनमा आउने चलचित्रको प्रचार प्रसार नगर्न उच्च अदालत, पाटनले मंगलबार अन्तरिम आदेश जारी गरेपछि नेपाली सिने क्षेत्र आन्दोलित भएको छ ।

पूर्वमन्त्री मोहम्मद आफ्ताब आलमद्वारा दायर गरिएको निषेधाज्ञा रिटमा मंगलबार भएको प्रारम्भिक सुनुवाइपछि न्यायाधीशद्वय लालबहादुर कुवँर र हेमन्त रावलको संयुक्त इजलासले उक्त आदेश दिएको हो । यो आदेशसँगै सेन्सर नहुञ्जेल यो चलचित्रको सामाजिक सञ्जाल तथा सञ्चार माध्यममा प्रसार प्रसार रोकिएको छ । अदालतले केन्द्रीय चलचित्र जाँच समितिले अनुमति नदिँदासम्म फिल्मको प्रचार(प्रसार गर्न र प्रचार सामग्री सार्वजनिक गर्न रोक लगाएको छ ।




आलमले चलचित्र विकास बोर्ड, कलाकार सीताराम कट्टेल, नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, केन्द्रीय जाँचपास समिति, ओएसआर डिजिटल, जेपिटी क्रिएसन प्रालि, जेपिटी क्रिएसन प्रालिका सञ्चालन तथा 'लाज शरणम्' का कार्यकारी निर्माता अर्जुन घिमिरे 'पाँडे' तथा निर्देशक कुमार कट्टेललाई प्रतिवादी बनाएका छन् ।

बुधबार चलचित्रको ट्रेलर सार्वजनिक गर्ने तयारी थियो, तर अदालतको आदेशसँगै ट्रेलर रिलिज कार्यक्रम स्थगित भएको छ । पूर्वमन्त्री आलमले अदालतमा दायर गरेको रिटमा चलचित्रमा आफ्नो अनुहारसँग मिल्ने मुखाकृति, पहिरन, जीउडाल, कपाल मिलाई शैली, हाउभाउ र लवज आफ्नो अनुमतिबिना प्रयोग गरिएको आरोप लगाएका छन् ।

उच्च अदालत पाटनले प्रदर्शनको तयारीमा रहेको 'लाज शरणम्'को प्रचारमा लगाएको रोक प्रति चलचित्र निर्देशक समाजले आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । समाजले बुधबार विज्ञप्ति जारी गर्दै चलचित्र 'लाज शरणम्'को नाममा अदालतबाट जारी भएको बन्देजले चलचित्रको करोडौँको लगानी जोखिम र सृजनशील सर्जकलाई राम्ररी झस्काएको समेत जनाएको छ ।

'चलचित्र अभिव्यक्तिको माध्यम भएको र चलचित्रले समाजका विभिन्न पात्र र प्रवृत्तिलाई लिएर कथानक स्वरूप दिने परम्परा सर्वविदितै छ । यसरी बनेको कथाले कुनै व्यक्ति वा समुदायका व्यक्तित्व, संस्कार र संस्कृतिलाई आघात पुर्‍यायो कि पुर्‍याएन भनेर जाँच गर्ने चलचित्र विकास बोर्ड र चलचित्र जाँच समिति आदि सरकारी निकाय अस्तित्वमा छ,' समाजका अध्यक्ष जनकदीप पराजुलीद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

कुमार कट्टेलको निर्देशनमा तयार भएको फिल्ममा सीताराम कट्टेलसहित विजय बराल, अर्जुन घिमिरे, मुकुन्द श्रेष्ठ, महेश त्रिपाठी, विजय बराल, अर्पण थापा, माला लिम्बू, सागर लम्साल, हरिष निरौला, कमलमणि नेपाललगायतको अभिनय छ । नवीन श्रेष्ठ निर्माता तथा राम नरेश साह र सृजना खड्का सहनिर्माताको रूपमा रहेका छन् । चलचित्रकर्मी, पत्रकार, नागरिक अगुवासमेतले 'लाज शरणम्' लाई कानुनी उल्झनमा फसाएको भन्दै आपत्ति जनाएका छन् । सामाजिक सञ्जालमा अहिले यो विषयलाई लिएर अदालतको आलोचना हुन थालेको छ ।

# चर्चामा 'पिताम्बर'

■ प्रभाव संवाददाता

**काठमाडौं –** नयाँवर्ष २०८२ को छेको पारेर आगामी चैत २९ गतेबाट रिलिज हुने फिल्म 'पिताम्बर'यतिबेला चर्चामा छ । मल्टिस्टारर यो फिल्मको टिजर र गीत रिलिज भएसँगै यसको हाइप दिनानुदिन बढ्दो छ । फिल्मकी निर्देशक कृषा चौलागाईंका अनुसार टिजर र गीतमा प्राप्त दर्शक प्रतिक्रियाका कारण विदेशमा फिल्मको माग उच्च छ । 'टिजर र गीतलाई प्राप्त प्रतिक्रियाले विदेशमा फिल्मको माग ह्वात्तै बढेको छ । हरेक कथा अनुसार नयाँ फिल्म बन्ने भएकाले 'पिताम्बर' पनि नयाँ कथा हो,' उनी भन्छिन् ।

फिल्मका कलाकार दिव्य देवले महाभारतको उद्धरण 'यदा यदा ही धर्मस्य'बाट वाचन गरेपछि सुरु हुने एक्सनपूर्ण टिजरमा फिल्मका कलाकारहरू प्रदीप खड्का, अनुपविक्रम शाही, दयाहाङ राई, सौगात मल्ल, सुरक्षा पन्त, सुपुष्पा भट्ट, दिव्या रायमाझी, रविन्द्र झा अँटाएका छन् । बुढासुब्बा डिजिटलबाट सार्वजनिक टिजरलाई १७ लाख बढी पटक हेरिएको छ । त्यस्तै प्रदीप खड्का र दिव्या रायमाझीको रोमान्स रहेको गीत 'म त फ्यान भए यार'लाई १९ लाख पटक हेरिएको छ । तराईको लोकेसनमा भारतीय प्राविधिकले डिजाइन गरेको भव्य सेटमा छायांकन गरिएको गीत निकै राम्रो बनेको छ ।

निर्माता विशाल चौलागाईं फिल्म प्रति आफ्नो रुची बढ्दै गएकाले अझ राम्रो फिल्म बनाउनेमा आफू प्रतिबद्ध रहेको बताउँछन् । पेशाले मेडिकल व्यवसायी विशालले यसअघि कृषाको निर्देशन रहेको फिल्म 'ऐंचोपैचो' निर्माण गरेका थिए । फिल्म 'ऐंचो पैचो'बाट निर्देशनमा पाइला चालेकी कृषाले यसअघि 'इन्साफ', 'कसम हजुरको', 'के म तिम्रो साथी बन्न सक्छु' र 'पलास' निर्माण गरिसकेकी छन् ।

केपी फिल्मस् र पुरुषोत्तम प्रधान फिल्मस्को ब्यानरमा निर्माण भएको फिल्ममा प्रदीप खड्का, दयाहाङ राई, सौगात मल्ल, आर्यन सिग्देल, अनुपविक्रम शाही, सुरक्षा पन्त, गौरी मल्ल, रविन्द्र झा, प्रमोद अग्रहरि, कामेश्वर चौरासिया, टिका पहाडी, सुलभ पहाडी, सुरवीर पण्डित, विशाल पहाडी, दिव्यदेव पन्त, सुपुष्पा भट्ट, दिव्या रायमाझी, गौरव विष्ट, आशिष पुरुष, ललित विष्ट, किशोर भट्ट, विनोदकुमार पौडेल, नारायण काफ्ले र रविन्द्र भट्टराईको अभिनय छ ।




फिल्ममा बाल कलाकारका रूपमा आर्नव घिमिरे, प्रयुस दत्त सुवेदी, आध्य लामिछाने, आरोह चौलागाईं र सुप्रोल बुढाथोकी ९अनमोल०ले समेत अभिनय गरेका छन् ।

विशाल चौलागाईं निर्माता रहेको फिल्ममा पुरुषोत्तम प्रधान, आध्य लामिछाने र आरोह चौलागाईं सह-निर्माता, सुमनख गौतम कार्यकारी निर्माता, प्रदीप भारद्वाज र अभिमन्यु निरवीको पटकथा र संवाद, पुरुषोत्तम प्रधानको डीओपी, शेरबहादुर लामा र मानकृष्ण महर्जनको छायांकन, बन्दे प्रसादको सम्पादन, काला चरनको पार्श्व संगीत, रेनिस फागोको कलर ग्रेडिङ, आशीष अविरल र बाबुल गिरीको संगीत, हिमाल केसीको द्वन्द्व छ । फिल्म आरआर फिल्मसले वितरण गर्दैछ ।



# सलेशले जित्यो बागमती यु-२० रग्बी च्याम्पियनसिप




■ प्रभाव संवाददाता

**काठमाडौं –** कोशी प्रदेशको सलेश युथ क्लबले बुधबार बागमती यु-२० गर्ल्स सेभेन्स नेसनल रग्बी च्याम्पियनसिपको पहिलो संस्करण जितेको छ । मध्यपुर युथ एसोसिएसनको खेल मैदानमा सम्पन्न फाइनलमा सलेशले कर्णाली रग्बीलाई १०-० स्कोरले पराजित गर्दै उपाधि जितेको हो । उपाधिसँगै सलेशले ५० हजार रूपैयाँ प्राप्त गर्‍यो । कर्णालीले भने ३० हजार रूपैयाँमा चित्त बुझायो ।

खेलको पहिलो हाफमै सलेशले एक ट्राईमार्फत ५-० को अग्रता लिएको थियो । दोस्रो हाफमा पनि सलेशले समान स्कोर गर्दै एकपक्षीय जित निकाल्न सफल रह्यो । सलेशलाई च्याम्पियन बनाउन आरुषी भट्टराईले दुवैपल्ट ट्राई गर्दै १० अंक जोडेकी हुन् ।

एक ट्राई बराबर पाँच अंक र एक कन्भर्जनमा दुई अंक प्राप्त हुन्छ । ट्राई गरेपछि नै कन्भर्जन किक प्रहार गर्न पाइन्छ । तर, सलेशले दुवैपल्ट कन्भर्जन किकलाई कन्भर्ट गर्न सकेन ।

कर्णालीले पहिलो सेमिफाइनलमा नेपाल महिला रग्बी संघलाई कन्भर्जन किकमा पराजित गर्दै फाइनलमा स्थान बनाएको हो । निर्धारित समय र थप गरिएको समयमा पनि कुनै टोलीले अंक ल्याउन सकेनन् । त्यसैले विजेताको टुंगो कन्भर्जन किकबाट गरिएको हो । कन्भर्जन किकमा कर्णालीले सफल रह्यो । उसले दुई किकलाई कन्भर्ट गर्न सक्यो । नेपाल महिला रग्बी संघले भने कन्भर्जन किकलाई कन्भर्ट गर्न सकेन ।

अर्को सेमिफाइनलमा भने सलेशले बागमतीलाई १०-५ ले पराजित गर्‍यो । पहिलो हाफमा दुवै टोलीले एक/एक ट्राई गरेका थिए । दोस्रो हाफमा भने सलेशले एक ट्राई गर्‍यो । तर, प्राप्त कन्भर्जन किकलाई भने दुवै टोलीले कन्भर्ट गर्न सकेनन् ।

नेपाल महिला रग्बी क्लब र प्रदेश खेलकुद विकास परिषद् बागमतीको सहकार्यमा प्रतियोगिता आयोजना गरिएको हो । प्रतियोगितामा कोशीको सलेशसहित सुदूरपश्चिम, कर्णाली, गण्डकी, मधेश र बागमती प्रदेशसहित नेपाल महिला रग्बी संघ र हिमालयन टाइगर रग्बी क्लब गरी आठ टिमले सहभागिता जनाएका थिए । प्रतियोगिताको उत्कृष्ट खेलाडी सलेशका आरुषी भट्टराई घोषित भइन् । उत्कृष्ट प्रशिक्षक सलेशकै नवीन दर्लामी रहे ।

प्रतियोगताका विजेता टोलीलाई प्रदेश खेलकुद विकास परिषद् बागमतीका सदस्यसचिव दीपक लामा र उपविजेतालाई नेपाल रग्बी संघका अध्यक्ष दीपक देवकोटाले पुरस्कृत गरे ।

# एथलेटिक्स टोली पाकिस्तान जाने

■ प्रभाव संवाददाता

**काठमाडौं –** दक्षिण एसियाली एथलेटिक्स क्रस कन्ट्री च्याम्पियनसिपमा सहभागी हुन ५ खेलाडीसहित ७ सदस्यीय नेपाली टोली बिहीबार पाकिस्तानको इस्लामाबाद प्रस्थान गर्ने भएको छ ।

फागुन ११ गते हुने प्रतियोगिताको सिनियरमा २ र जुनियरमा ३ गरी ५ पुरुष खेलाडीले नेपालको चुनौती प्रस्तुत गर्ने छन् ।

सिनियरमा सुशिलकुमार शाही र सञ्जय श्रेष्ठ सहभागी हुने छन् । जुनियरमा बादल कार्की, अजय विक र कृष्णबहादुर परियारले भाग लिने छन् । सिनियरमा १० किलोमिटर तथा जुनियरमा ८ किलोमिटर दूरीमा प्रतिस्पर्धा हुनेछ । नेपालले सिनियरमा व्यक्तिगत तथा जुनियरमा व्यक्तिगत र टिम इभेन्टमा सहभागिता जनाउने छ ।



प्रशिक्षकमा विमला राना मगर तथा व्यवस्थापकमा भीमकुमारी भुसाल रहेका छन् । टोलीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव टंकलाल घिसिङले बुधबार एक कार्यक्रमबीच बिदाइ गरे । सो अवसरमा सदस्यसचिव घिसिङले प्रतियोगिता भनेको खेलाडीले प्रशिक्षणमा गरेको तयारीलाई प्रमाणित गर्ने अवसर भएको बताए ।

# जिल्लास्तरीय साइकल दौडमा रानीकुमारी प्रथम

■ प्रभाव संवाददाता

**रौतहट–** रौतहट जिल्लास्तरीय साइकल दौड प्रतियोगितामा रानीकुमारी यादव प्रथम भएकी छन् । राजदेवी मिडिया सेन्टरले आयोजना गरेको १२ औं जिल्लास्तरीय महिला साइकल दौड प्रतियोगितामा बुधबार उनी प्रथम भएकी हुन् ।

प्रतियोगितामा प्रथम राजदेवी नगरपालिकामा-६ की रानीकुमारी यादव, दोस्रो स्थानमा वडा नम्बर २ की सन्जनी कुमारी यादव र ६ नम्बर वडाकी रविनाकुमारी साह तेस्रो भएको आयोजक मिडिया सेन्टरका अध्यक्ष रामपुकार राउतले बताए ।

बुधबार एक समारोहको आयोजना गरी प्रमुख अतिथि मधेश प्रदेश सभामुख रामचन्द्र मण्डलले महिला साइकल दौड प्रतियोगितामा प्रथम रानीकुमारी यादवलाई ५० हजार, दोस्रो भएकी सन्जनी कुमारी यादवलाई ३० हजार, तेस्रो रबिना साहलाई २० हजार रूपैयाँको चेक हसतान्तरण गरे ।



कार्यक्रममा प्रदेश सभामुख मण्डलका साथै नेकपा एमालेका केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज अजयकुमार गुप्ता, केन्द्रीय लेखा आयोग सदस्य राजकिशोर यादव, प्रदेश सांसद नागेन्द्र साहलगायतको सहभागिता रहेको थियो ।

फाइनल प्रतियोगितामा सहभागी सबै १५ जना बालिकाहरूलाई प्रोत्साहन स्वरूप साइकल प्रदान गरिएको आयोजकले बताएको छ ।

महिला सशक्तिकरणका लागि राजदेवी मिडिया सेन्टरले २०६८ सालदेखि प्रत्येक वर्ष महिला साइकल दौड प्रतियोगिताको आयोजना गर्दै आएको छ । कोरोना कालमा भने यो प्रतियोगिता भएको थिएन ।



**मंगलबार अर्जेन्टिनाको ब्युनस आयर्समा पोप फ्रान्सिसको स्वास्थ्यलाभका लागि प्रार्थना गर्न आयोजित प्रार्थनासभामा काकुपकी भर्जिनलाई अभिवादन गर्दै अनुयायीहरू ।** *तस्बिरः एपी*

# जापानका पूर्वप्रधानमन्त्रीमाथि पाइप बम फर्याँक्ने व्यक्तिलाई १० वर्षको जेल सजाय

**टोकियो–** जापानका पूर्वप्रधानमन्त्री फुमियो किशिदालाई सन् २०२३ मा पाइप बमले मार्ने प्रयास गरेको आरोपमा बुधबार एक व्यक्तिलाई १० वर्षको जेल सजाय सुनाइएको स्थानीय सञ्चारमाध्यमले जनाएको छ ।

चुनाव प्रचारका क्रममा घरेलु विष्फोटक पदार्थले गरिएको आक्रमणमा किशिदालाई कुनै क्षति पुगेन । घटनास्थलबाटै २५ वर्षीय आरोपी ऱ्युजी किमुरालाई पक्राउ गरिएको थियो । पश्चिमी जापानमा भएको यो घटना सन् २०२२ जुलाईमा पूर्वप्रधानमन्त्री शिन्जो आबेको चुनाव प्रचारका क्रममा भएको हत्याको एक वर्ष पनि नबित्दै भएको थियो ।



वाकायामा जिल्ला अदालतले किमुरालाई हत्याको प्रयास गरेको आरोपमा १० वर्षको जेल सजाय सुनाएको जिजी प्रेस र सार्वजनिक प्रसारक एनएचकेलगायत सञ्चारमाध्यमले बताएका छन् । आसाही शिम्बुन दैनिकका अनुसार न्यायाधीशले अदालतमा किमुराले 'लोकतन्त्रको आधारशिला मानिने निर्वाचन भाषणको स्थलमा यो कार्य गरेको' बताए ।

अभियोजनकर्ताहरूले १५ वर्षको सजायको माग गरेका थिए भने किमुराले उनले किसिदालाई मार्ने अभिप्राय अस्वीकार गरेकाले उनको प्रतिरक्षा टोलीले तीन वर्षसम्म जेल सजायको तर्क गरेको थियो । अदालतका प्रवक्ताले तत्काल यी रिपोर्टहरूको पुष्टि गर्न सकेनन् ।

आक्रमणपछि प्रहरीले किमुराको घरमा गरेको खानतलासीमा शंकास्पद बारुद, पाइपजस्ता वस्तुहरू र औजारहरू फेला परेका थिए । एनएचकेका अनुसार सुनुवाइका क्रममा किमुराका वकिलहरूले उनको 'उद्देश्य (सार्वजनिक) ध्यान आकर्षित गर्नु थियो' भन्दै उनको आरोप हत्या प्रयास नभई 'चोट पुऱ्याउने' हुनुपर्ने बताए ।

तथापि अभियोजकहरूले यो घटनालाई 'दुर्भावनापूर्ण आतंकवादी कार्य' भन्दै आक्रमणकारीलाई आफ्नो विष्फोटक घातक भएको थाहा थियो भनी बताए । पहिलेका रिपोर्टहरूका अनुसार किमुराले एकपटक राजनीतिक उम्मेदवारहरूको न्यूनतम उमेर र राष्ट्रिय कार्यालयका लागि उम्मेदवार बन्न कम्तीमा ३० लाख येन (१९ हजार ७०० डलर) आवश्यक पर्ने प्रावधानलाई चुनौती दिँदै मुद्दा दायर गरेका थिए ।

जापानी कानुनअनुसार माथिल्लो सदनको चुनावका लागि उम्मेदवारहरू ३० वर्ष वा सोभन्दा माथिको हुनुपर्छ भने संसद्को तल्लो सदनमा उम्मेदवार बन्न न्यूनतम उमेर २५ वर्ष तोकिएको छ । *रासस⁄एएफपी*

# माल्दिभ्सलाई बचाउन कडा वित्तीय नियन्त्रण गर्न आइएमएफको आग्रह

**माले–** अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ)ले माल्दिभ्सलाई समृद्ध पर्यटन उद्योगका बाबजुद आफ्नो समस्याग्रस्त अर्थतन्त्रलाई बचाउन 'तत्काल र बलियो' वित्तीय सुदृढीकरणको आवश्यकता रहेको चेतावनी दिएको छ ।

उच्च श्रेणीको हिन्द महासागरीय छुट्टी गन्तव्य (होलिडे डेस्टिनेसन)ले सन् २०२५ मा आफ्नो अर्थतन्त्र पाँच प्रतिशतले बढ्ने अपेक्षा गरेको छ तर आइएमएफले यो सुनौलो पूर्वानुमानले सम्भावित चुनौतीहरू लुकाएको चेतावनी दिएको छ । 'पूर्वानुमानको वरिपरि ठूलो अनिश्चितता छ र जोखिमहरू नकारात्मक दिशामा झुकेका छन्,' वासिङ्टनस्थित अन्तिम सहाराको ऋणदाताले मंगलबारको विज्ञप्तिमा भनेको छ, 'थप तत्काल र बलियो वित्तीय सुदृढीकरणको आवश्यकता छ । अत्यधिक खर्च रोक्न समग्र खर्चलाई युक्तिसंगत बनाउनु आवश्यक छ ।'

यो सानो देशले गत वर्षको अन्त्यमा आइएमएफको राहत ऋणलाई अस्वीकार गरेको थियो र राष्ट्रपति मोहम्मद मुइज्जुले ५० प्रतिशत तलब कटौतीको घोषणा गरेर सरकारले गम्भीर खर्च कटौतीको घोषणा गरेको थियो । मुइज्जुले अधिकांश सार्वजनिक क्षेत्रका जागिरमा अनिवार्य १० प्रतिशत तलब कटौती पनि लागू गरेका छन् ।

माल्दिभ्सले सेप्टेम्बरमा आफ्नो वित्तीय समस्या 'अस्थायी' भएको र सम्भावित सार्वभौम डिफल्टको चेतावनीका बावजुद उसको राहत माग्ने कुनै योजना नभएको बताएको थियो । आइएमएफले समग्र वित्तीय घाटा र सार्वजनिक ऋण उच्च रहने अनुमान गरेको छ र तत्काल नीति समायोजनको आह्वान गरेको छ । 'माल्दिभ्सले समष्टि आर्थिक स्थिरता र ऋण दिगोपनलाई तत्काल पुनःस्थापना गर्न महत्त्वपूर्ण क्षणमा यात्रा गरिरहेको छ,' आइएमएफले भन्यो ।

निर्मल सेतो बालुवा किनार र एकान्त रिसोर्टहरू भएको विलासी छुट्टी गन्तव्यका रूपमा परिचित माल्दिभ्स भूराजनीतिक 'हटस्पट' पनि बनेको छ । भूमध्यरेखामा छरिएका एक हजार १९२ कोरल टापुहरू मिलेर बनेको माल्दिभ्सका लागि चीन र भारत दुई ठूला द्विपक्षीय ऋणदाता हुन् । बेइजिङले सन् २०२३ मा मुइज्जुको जितपछि थप कोष उपलब्ध गराउने वाचा गरेको छ । मुइज्जुले विकास कोष उपलब्ध गराउनमा 'निःस्वार्थ सहयोग' गरेकामा चीनलाई धन्यवाद दिएका छन् ।

मुइज्जुलाई अक्टोबरमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नयाँदिल्लीमा स्वागत गरेका थिए । उनले टापुसमूहको संघर्षपूर्ण अर्थतन्त्रलाई बलियो बनाउन आर्थिक सहयोग प्रदान गरे । आधिकारिक तथ्यांकले माल्दिभ्सको विदेशी ऋण सन् २०२४ को पहिलो त्रैमासिकमा तीन अर्ब ३७ करोड डलर देखाएको छ । यो कूल गार्हस्थ उत्पादन (जिडिपी) को लगभग ४५ प्रतिशत हो ।चीनले विदेशी ऋणको लगभग २० प्रतिशत हिस्सा ओगटेको छ भने भारतको मात्र १८ प्रतिशतभन्दा कम स्वामित्व रहेको छ । *रासस⁄एएफपी*

# मस्कको भूमिका प्रमुख कार्यान्वयनकर्ताका रूपमा ट्रम्पको व्याख्या

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मंगलबार राष्ट्रपति कार्यालयमा फर्केपछि जारी गरिएका कार्यकारी आदेशहरूको कार्यान्वयनमा टेक अर्बपति एलन मस्कको उत्साहको प्रशंसा गर्दै उनलाई आफ्नो प्रमुख कार्यान्वयनकर्ताका रूपमा चित्रित गरेका छन् ।

फक्स न्युजमा प्रसारण गरिएको संयुक्त अन्तर्वार्तामा यी दुई व्यक्तिले एक अर्काको प्रशंसा गर्दै र ट्रम्पले आफ्नो कार्यकारी अधिकारलाई उछिन्दै गएको चिन्तालाई खारेज गर्दै पर्याप्त समय बिताए । ट्रम्पले पछिल्लो तीन हप्तामा दर्जनौं कार्यकारी निर्देशनमा हस्ताक्षर गरेका छन् । तीमध्ये धेरै संविधानविपरीत हुनसक्ने भनेर अदालतहरूमा चुनौती दिइएको छ ।

सन् २०२४ को राष्ट्रपतिको चुनावी अभियानमा ट्रम्पका शीर्ष दाता रहेका अर्बपति मस्कलाई संघीय खर्चमा 'फजुल खर्च, धोखाधडी र दुरूपयोग' उन्मूलन गर्ने घोषित लक्ष्यका साथ नवनिर्मित सरकारी दक्षता विभाग (डिओजिई) को नेतृत्व गर्ने जिम्मेवारी दिइएको थियो ।

'डिओजिई टोलीको सबैभन्दा ठूलो कार्य भनेको राष्ट्रपतिको कार्यकारी आदेशहरू वास्तवमा कार्यान्वयन गरिएको सुनिश्चित गर्नु हो,' मस्कले फक्स न्युजलाई भने । अन्तर्वार्तामा ट्रम्पले आफ्ना नीतिहरू (संघीय संस्थाहरूमाथि थोकमा आक्रमण समेत) विनाढिलाइ कार्यान्वयन गरिनुपर्ने कुरामा जोड दिए र मस्क तिनलाई अगाडि बढाउनमा महत्त्वपूर्ण रहेको बताए ।

'तपाईं एउटा कार्यकारी आदेश लेख्नुहुन्छ र तपाईं सोच्नुहुन्छ कि यो सम्पन्न भयो, तपाईंले यसलाई पठाउनुहुन्छ, यो सम्पन्न हुँदैन । यो लागू हुँदैन,' ट्रम्पले भने । उनका अनुसार मस्क र डिओजिई टोली अब संघीय कर्मचारीतन्त्रभित्र कसैको बाधाविना उनको प्रशासनको एजेण्डा लागू गर्न प्रवर्तन संयन्त्र बनेका छन्- अन्यथा उनीहरूले जागिर गुमाउने जोखिम छ । 'र कुनै व्यक्ति जसले शायद यो गर्न चाहँदैनथ्यो, एक्कासि उसले यसमा हस्ताक्षर गर्दै छ,' ट्रम्पले भने ।



### जनताको इच्छा

फक्स अन्तर्वार्ता प्रसारण हुनुभन्दा केही घन्टाअघि मात्र ट्रम्पले एक व्यापक कार्यकारी आदेशमा हस्ताक्षर गरेका थिए । उक्त आदेशले संघीय नियामक निकायहरूमाथि सीधै ह्वाइट हाउसको नियन्त्रण विस्तार र सुदृढीकरण गर्ने प्रयास गरेको थियो । कानुनी चुनौतीहरूको सामना गर्नसक्ने यस आदेशले सिक्युरिटिज एन्ड एक्सचेञ्ज कमिसन (एसइसी) जस्ता एजेन्सीहरूलाई समीक्षाका लागि ह्वाइट हाउसमा नियामक प्रस्तावहरू पेस गर्न बाध्य पार्ने छ ।

'संघीय सरकार वास्तवमै अमेरिकी जनताप्रति जवाफदेही हुनका लागि व्यापक कार्यकारी शक्ति प्रयोग गर्ने अधिकारीहरूलाई जनताद्वारा निर्वाचित राष्ट्रपतिद्वारा निरीक्षण र नियन्त्रण गरिनुपर्छ,' कार्यकारी आदेशमा उल्लेख छ । ट्रम्पको कार्यकारीको भूमिकामा मस्क हाँसे, आफूलाई 'टेक्नोलोजिस्ट' भनेर वर्णन गरे र अन्तर्वार्ताका लागि 'टेक सपोर्ट' लेखिएको टि-सर्ट लगाए । मस्कले आफूले अमेरिकी राष्ट्रपतिजस्तै व्यवहार गरिरहेको भन्ने आलोचनालाई खारेज गरे । उनले ट्रम्पको क्याबिनेटका कुनै पनि सदस्य निर्वाचित नभएको र आफूले आफ्नो भूमिकालाई ट्रम्पको एजेण्डालाई सहज बनाउने रूपमा हेर्ने बताए ।

'राष्ट्रपति जनताका निर्वाचित प्रतिनिधि हुन्, त्यसैले यसले जनताको इच्छाको प्रतिनिधित्व गर्दछ,' मस्कले व्याख्या गर्दै भने, 'र, यदि कर्मचारीतन्त्रले जनताको इच्छासँग लडिरहेको छ र राष्ट्रपतिलाई जनताले चाहेको कुरा कार्यान्वयन गर्नबाट रोकिरहेको छ भने हामी लोकतन्त्रमा नभई कर्मचारीतन्त्रमा बाँचिरहेका छौं ।'

### राष्ट्रपति एलन ?

ट्रम्प प्रशासनमा मस्कको प्रमुख भूमिकाले ह्वाइट हाउसमा वास्तवमा कसको नियन्त्रण छ भन्ने सार्वजनिक प्रश्न उठेको छ । यद्यपि रिपब्लिकन राष्ट्रपतिले दुई जनाबीच खराब सम्बन्धको अफवाहलाई तुरुन्तै खारेज गरे ।

'वास्तवमा एलनले मलाई फोन गरे,' ट्रम्पले भने, 'उनले भने, 'तपाईंलाई थाहा छ, तिनीहरूले हामीलाई अलग गर्ने प्रयास गरिरहेका छन् ।' मैले भनैं, 'बिल्कुल ।''

तर ट्रम्पले आफू र मस्कबीचको सम्बन्ध बिगार्ने कथित प्रयासहरूबाट अमेरिकीहरू मूर्ख नबन्ने विश्वास व्यक्त गरे । 'उनीहरू यसमा राम्रो छन् भन्ने मलाई लाग्थ्यो,' मिडियालाई उद्धृत गर्दै ट्रम्पले भने, 'उनीहरू वास्तवमा यसमा नराम्रो छन्, किनभने यदि तिनीहरू यसमा राम्रो थिए भने, म कहिल्यै राष्ट्रपति हुने थिइनँ, जनता स्मार्ट छन्, उनीहरूले बुझ्छन् ।' *रासस⁄एएफपी*

## बाइडेनकालका सबै न्यायाधिवक्तालाई बर्खास्त गर्न ट्रम्पको निर्देशन

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना पूर्ववर्ती जो बाइडेनले मनोनीत गरेका बाँकी सबै अमेरिकी न्यायाधिवक्तालाई बर्खास्त गर्न आदेश दिएका छन् ।

ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा लेखेका छन्, 'विगत चार वर्षमा न्याय विभागको राजनीतिकरण भएको छ, जुन पहिले कहिल्यै भएको थिएन । त्यसैले मैले बाँकी रहेका सबै 'बाइडेनकालीन' अमेरिकी महान्यायाधिवक्तालाई बर्खास्त गर्न निर्देशन दिएको छु ।'

ट्रम्पले भने, 'हामीले तुरुन्तै घर सफा गर्नुपर्छ र विश्वास पुनःस्थापित गर्नुपर्छ । अमेरिकाको स्वर्ण युगमा निष्पक्ष न्याय प्रणाली हुनुपर्दछ र यो जुन आजबाट सुरु हुन्छ ।' सत्तासिन राष्ट्रपतिले आफ्ना पूर्ववर्तीले मनोनीत गरेका अमेरिकी न्यायाधिवक्ताका रूपमा चिनिने संघीय अभियोजकहरूको स्थान लिनु सामान्य अभ्यास हो । देशको ९४ संघीय जिल्ला अदालतमध्ये दुई जिल्ला अदालतबाहेक सबै अदालतमा एक अमेरिकी वकिल रहने व्यवस्था रहेको छ । यसरी त्यहाँ ९३ अमेरिकी न्यायाधिवक्ता छन् । अमेरिकी वकिलहरू प्रत्येक जिल्लामा शीर्ष संघीय कानुन प्रवर्तन अधिकारी हुन् ।

गत नोभेम्बरमा भएको चुनावमा ट्रम्पको जितपछि डेमोक्र्याटिक पार्टीको तर्फबाट राष्ट्रपति निर्वाचित भएका पूर्वराष्ट्रपति बाइडेनले मनोनीत गरेका केही अमेरिकी वकिलले राजीनामा दिए पनि अधिकांशले आफ्नो जिम्मेवारी सम्हालिरहेका छन् । ट्रम्पले आफूमाथि अन्यायपूर्ण ढंगबाट मुद्दा चलाएको आरोप लगाउँदै आएको न्याय विभाग रिपब्लिकनले पदभार ग्रहण गरेदेखि नै व्यापक हलचलको निशानामा परेको छ र कयौं उच्च पदस्थ अधिकारीहरूलाई बर्खास्त गरिएको छ, पदच्युत गरिएको छ वा पुनः नियुक्त गरिएको छ ।

बर्खास्त गरिएकामध्ये ट्रम्पविरुद्ध दुई वटा फौजदारी मुद्दा दायर गरेका विशेष सल्लाहकार ज्याक स्मिथको कार्यालयका सदस्यहरू पनि थिए । न्युयोर्कका मेयर एरिक एडम्सविरुद्ध भ्रष्टाचारको आरोप हटाउन न्याय विभागले आग्रह गरेपछि ट्रम्पले नियुक्त गरेको न्युयोर्कको शक्तिशाली 'साउदर्न डिस्ट्रिक्ट'का कार्यवाहक अमेरिकी महान्यायाधिवक्ताले गत साता राजीनामा दिएका थिए । *रासस⁄एएफपी*

# अमेरिकी कर वृद्धिलाई लिएर डब्ल्युटिओमा चीनको विरोध

**जेनेभा–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले खतरामा पारेको वा पहिले नै लागू गरेको व्यापक करले मुद्रास्फीति, बजार विकृति र विश्वव्यापी मन्दीसमेत निम्त्याउने खतरा रहेको भन्दै चीनले मंगलबार विश्व व्यापार संगठन (डब्ल्युटिओ) मा विरोध जनाएको छ । जनवरी २० मा सत्तामा फर्केपछि ट्रम्पले विश्वको दोस्रो ठूलो अर्थतन्त्र चीनलाई अमेरिका प्रवेश गर्ने उत्पादनमा थप १० प्रतिशत कर लगाइएको घोषणा गरेका थिए ।

ट्रम्पले गत हप्ता स्टिल र आल्मुनियममा २५ प्रतिशत नयाँ कर लगाउने कार्यकारी आदेशमा हस्ताक्षर गरेका थिए । 'आयातीत कारहरूमा थप अमेरिकी कर दर करिब २५ प्रतिशत हुने छ,' अप्रिल २ को आसपास सार्वजनिक गर्ने शुल्कको बारेमा नयाँ जानकारी दिँदै उनले मंगलबार भने ।

विश्व व्यापार संगठनका लागि चीनका राजदूत ली चेङगाङले विश्व व्यापार संगठनको निर्णय लिने 'जनरल काउन्सिल'को यस वर्षको पहिलो बैठकमा भने, 'विश्वले करका लागि शृंखलाबद्ध झट्काको सामना गरिरहेको छ ।'

'अमेरिकाले विश्व व्यापार संगठनको नियमको ठाडो उल्लंघन गर्दै चीनलगायत आफ्ना व्यापारिक साझेदारहरूमाथि एकतर्फी र स्वेच्छाचारी रूपमा कर लगाएको वा धम्की दिएको छ । चीनले यस्ता कदमको कडा विरोध गर्दछ,' उनले भने, 'यी करसम्बन्धी निर्णयले आर्थिक अनिश्चितता बढाउँछ, विश्वव्यापी व्यापारमा बाधा पुऱ्याउँछ, र घरेलु मुद्रास्फीति, बजार विकृति वा विश्वव्यापी मन्दीको जोखिम पनि बढाउँछ ।'लीले अमेरिकी एकपक्षीयताले नियममा आधारित बहुपक्षीय व्यापार प्रणालीलाई ध्वस्त पार्ने खतरा रहेको बताए । *रासस⁄एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १६९४०० | प्रति तोला – ० | प्रति तोला – १९७० |



**नेपाली हाते कागज** | गोरखा नगरपालिका-६, स्थित नयाँबस्तीमा रहेको गोरखा मनकामना नेपाली हाते कागज उद्योगमा स्थानीय कच्चा पर्दाथबाट कागज बनाउँदै उद्योगका श्रमिक । *तस्विर: दीपक श्रेष्ठ/रासस*

# नेपाल वायुसेवा र जापान एयरलाइन्सबीच सम्झौता

■ प्रभाव संवाददाता

Nepal Airlines  JAPAN AIRLINES

**काठमाडौं–** नेपालको राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम र जापानको राष्ट्रिय ध्वजावाहक जापान एयरलाइन्स बिच व्यापार विस्तारको लागि द्विपक्षीय सम्झौता भएको छ ।

जसअनुसार नेपाल वायुसेवा निगमको सिधा उडान मार्फत जापानको नारिता अन्तर्राष्ट्रिय विमानस्थलसम्म निगमको जहाजमा र त्यसपछिको छोटो तथा छिटो कनेक्टिङ फ्लाइट मार्फत विभिन्न अमेरिकी तथा पश्चिमा मुलुक एवं कोरियाको यात्रा गर्न सहज हुनेछ ।

सम्झौता अनुसार नेपाल वायुसेवा निगमको टिकटबाट जापान एयरलाइन्सको उडान मार्फत विश्वभरिको अन्तिम गन्तव्यसम्मको लागि यात्रु तथा ब्यागेज चेक-इन सुविधा हुने जनाइएको छ । त्यसैगरी विश्वभरिबाट पर्यटकहरू सहज रूपमा नेपाल भ्रमण गर्नसक्ने बताइएको छ । यसबाट नेपाल वायुसेवा निगमको व्यापार विस्तार हुनुको साथै पर्यटन प्रवर्द्धन र विकास तथा विदेशी मुद्रा आर्जनमा टेवा पुग्ने विश्वास लिइएको छ ।

नेपाल वायुसेवा निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीको विशेष निर्देशन र बजार व्यवस्थापन विभागको विशेष पहलमा लामो समय देखिको निरन्तर समन्वय तथा वार्ताबाट सम्पन्न भएको सम्झौता पश्चात् नेपाल र जापान दुई देशका राष्ट्रिय ध्वजावाहक मार्फत एकआपसमा व्यापार विस्तार, यात्रुको यात्रा सहज तथा किफायती हुने, विश्वभरका विभिन्न मुलुक एवं जापानको विभिन्न आन्तरिक गन्तव्यसम्म निगमकै टिकटमा विश्वस्तरिय सेवा प्रदान गर्न सकिने निगमले जनाएको छ ।

# अर्थतन्त्र चलायमान बनाउन र विकासका लागि अध्यादेश : *सञ्चारमन्त्री*

**काठमाडौं (प्रस)–** सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जनताको हित र मुलुकको समृद्धिको पक्षमा ल्याइएको अध्यादेशको विरोध हुनु चिन्ताको विषय भएको बताएका छन् ।

नेपाल सरकारका प्रवक्तासमेत रहेका सञ्चारमन्त्री गुरुङले मुलुकको अर्थतन्त्रलाई थप चलायमान बनाउन, सहकारीका क्षेत्रमा देखिएका समस्या सम्बोधन गर्न र सुकुम्बासी समस्या दीर्घकालीन रूपमा समाधान गर्न ल्याइएका अध्यादेशका विरुद्धमा एक भई प्रतिपक्ष विरोधमा उत्रिनु दुःखको विषय हो भने । राष्ट्रिय समाचार समिति (रासस) को ६४औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै उनले अध्यादेशभित्र भएका विषयवस्तुमाथि टीकाटिप्पणीसहित विरोध हुनुपर्नेमा त्यो नभई एकोहोरो अध्यादेशका बारेमा मात्र विरोध भएकामा आश्चर्य व्यक्त गरे ।

मन्त्री गुरुङले जनताको सेवा गर्न, विकास निर्माणलाई गति दिई स्थायित्व प्रदान गर्न, भ्रष्टाचार नियन्त्रण गर्दै सुशासन कायम गर्न ल्याइएको अध्यादेश पास गर्नुको विकाल्प नरहेकोमा जोड दिँदै समग्रमा देश र जनतालाई केन्द्रमा राखेर ल्याइएको अध्यादेशका पक्षमा साथ दिन सबै राजनीतिक पार्टीहरूसँग आग्रह गरे ।

विभिन्न कालखण्डमा मुलुकमा भएका आन्दोलनबाट देशको शासन व्यवस्था र प्रणाली फेरिए पनि पुराना कानुन र नीति परिवर्तन नभइदिँदा अपेक्षा गरिएअनुसारको परिणाम दिन नसकेको स्पष्ट गर्दै सञ्चारमन्त्री गुरुङले अब शासन व्यवस्थाअनुसार कानुन परिवर्तन गर्नुपर्ने समय आएको बताए ।

# गुन्द्रुक बनाउँदै भुम्लु

**काभ्रेपलाञ्चोक (प्रस)–** भुम्लु गाउँपालिकाले स्थानीय किसानले उत्पादन गरेको साग खरिद गर्ने भएको छ । साग विक्री नभएर चिन्तित किसानलाई राहत दिने उद्देश्यले साग खरिद गरी गुन्द्रुक बनाईने गाउँपालिकाले जनाएको छ । सागको दररेट तोकेर गाउँपालिकाले स्थानीयसँग साग लिन सार्वजनिक अपीलसमेत गरेको हो । प्रतिकिलो रु २५ का दरले किसानसँग साग खरिद गरी गुन्द्रुक बनाउने योजना बनाइएको गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत कृष्णबहादुर खत्रीले बताए ।

उनका अनुसार भुम्लुमा उत्पादित साग स्थानीय बजारमा खपत नहुने र दोलालघात तथा जिल्लाको अन्य बजारमा लैजाँदा महङ्गो भाडा पर्ने भएपछि गाउँपपालिकाले खरिद गर्ने भएको हो । खत्रीका अनुसार आफुसँग हाल रहेको साग तथा प्रतिबर्ष कति उत्पादन गर्न सकिने परिणामसहित गाउँपालिकाको कृषि विकास शाखामा जानकारी गराउन स्थानीय किसानलाई अनुरोध गरिएको छ । 'गाउँपालिकाकै व्यवस्थापनमा गुन्द्रुक बनाएर विक्री गर्ने योजना बनाईदैछ', खत्रीले भने ।

# माओवादी निकट मजदुरद्वारा आन्दोलनको घोषणा

**काठमाडौं (प्रस)–** नेकपा माओवादी केन्द्र निकट अखिल नेपाल होटल, क्यासिनो तथा रेष्टुरा मजदुर संघ केन्द्रिय समितिले सेवा शुल्क पाउनुपर्ने मागसहित आन्दोलनको कार्यक्रम घोषणा गरेको छ ।

समितिको चौथो पूर्ण बैठकले सेवा शुल्क पुनःप्राप्ति, नियमित काममा स्थायी श्रमिक र नेपाल सरकारको श्रेणी बिहिन कर्मचारी सरह श्रमिकको न्यूनतम पारिश्रमिक कायम गराउँन मजदुर जागरण अभियानको नारा तय गरि गर्दै आन्दोलनको कार्यक्रम घोषणा गरेको छ ।

बैठकले यही फागुन १५ देखी २५ सम्म सबै प्रतिष्ठानहरूमा सेवा शुल्क पुनःप्राप्तिको आन्दोलन गर्न जागरण अभियान संचालन गर्ने, केन्द्रिय समितीले अभियानको उद्देश्यसहितको अपिल प्रकाशन गर्ने, अभियानमा मुख्य रूपमा सेवा शुल्क कानूनी रूपमा पुनःप्राप्ति र नियमित काममा नियमित रोजगार सम्झौता तथा सबै श्रमिक (करार, आपूर्तिकर्ता, आकस्मीत र नियमित) लाई समान रूपमा सेवा शुल्कको वितरण र न्युनतम पारिश्रमिक श्रेणी विहीन कर्मचारी सरह हुनुपर्ने जस्ता माग अघि सारेको छ ।

त्यसपछि फागुन ३० सम्म सरोकारवालाहरू (व्यावसायी संघ, संघीय सांसदहरू, यस क्षेत्रमा क्रियासिल ट्रेड युनियनहरूसँग बैठक, अन्तक्रिया तथा छलफल गर्नेलगायतका विभिन्न कार्यक्रम अघि सारेको छ । कार्यक्रममा फ्रयाक्सन इन्चार्ज रामदिप आचार्य, संगठनका अध्यक्ष जगत सिम्खडा र महासचिव माधव पाण्डे लगायतले मन्तव्य राखेका थिए ।

# अपर म्याग्दी-१को बाँध निर्माण सुरु

**म्याग्दी–** धवलागिरी गाउँपालिका-४ खाम्लामा ५३ दशमलव पाँच मेगावाट क्षमताको अपर म्याग्दी-१ जलविद्युत् आयोजनाको बाँध निर्माण सुरु गरिएको छ । म्याग्दी हाइड्रोपावर लिमिटेड प्रवर्द्धक रहेको आयोजनाले म्याग्दी नदीको पानीलाई सुरुङमा छिराउनका लागि १५ मिटर अग्लो र ४० मिटर लामो बाँध निर्माण थालेको हो । गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बाँधको ढलान गर्ने कार्यको शुभारम्भ गरे ।



गाउँपालिका अध्यक्ष पुन, पूर्वअध्यक्ष थमसरा पुन, धवलागिरी-४ का वडाध्यक्ष यामप्रसाद घर्तिमगरलगायत जनप्रतिनिधी र स्थानीय अगुवाको उपस्थितिमा बाँध निर्माण कार्यको शुभारम्भ गरिएको हो । जग्गा व्यवस्थापनको काम सकेर म्याग्दी नदीको दायाँतर्फ ढलान गरेर औपचारिक रूपमा बाँधको पक्की संरचना निर्माण सुरु गरिएको आयोजना प्रमुख ज्योतिकुमार केसीले बताए ।

'विसं २०८० चैत १९ मा सम्झौता र २०८१ वैशाख २८ गते कार्यक्षेत्रमा परिचालित भएको सिभिल ठेकेदार लुना बिल्डर्स एण्ड कन्ट्र्याक्टरले पहाड काटेर बाँध निर्माणस्थल तयार पारिसकेको छ', उनले भने, 'विसं २०८३ फागुन २१ गते विद्युत् उत्पादन गर्ने लक्ष्यसहित बाँधसँगै सुरुङ र विद्युत्गृह निर्माणको कामलाई तिव्रता दिएका छौँ ।'

विसं २०८१ भदौ १२ गतेदेखि धवलागिरी-४ छहरीमा सुरु भएको १९८ दशमलव ९० मिटर लामो अडिट नम्बर २ को सुरुङ खनेर थप ५३० मिटर मुख्य सुरुङ निर्माण भइसकेको आयोजनाका प्रबन्ध निर्देशक लक्ष्मण न्यौपानेले बताए । पाँच किलोमिटर ७०० मिटर सुरुङमध्ये केही दिनमा बाँध र मालिका गाउँपालिका-७ भारवाङको आउटलेट तर्फबाट पनि खन्न सुरु गर्ने तयारी गरिएको उनले बताए ।

सानीमा बैंकको नेतृत्वमा छ वटा बैंकको ऋण, प्रवर्द्धक कम्पनी र सर्वसाधारणको शेयरमार्फत जुटाइने रु ११ अर्ब २३ करोड २७ लाख छ हजारको लागतमा निर्माण हुने आयोजनाको विद्युत्गृह मालिका-७ भारवाङमा रहनेछ । भारवाङदेखि एक दशमलव पाँच किलोमिटर १३२ केभी क्षमताको प्रशारण लाइन बनाएर नेपाल विद्युत् प्राधिकरणले मालिका-७ डाँडाखेतमा निर्माण गरिरहेको १३२ केभी क्षमताको सवस्टेशनमा यस आयोजनाबाट वार्षिक औसत ३१५ दशमलव शुन्य एक गिगावाट घण्टा विद्युत् केन्द्रिय लाइनमा जोडिनेछ ।

बाँध निर्माण स्थल नजिकै १०० मिटर लामो र १५ मिटर अग्ला तीन वटा पानी थिग्राउने पोखरी निर्माण गर्न जग्गा व्यवस्थापन भइरहेको छ । हालसम्म १६ दशमलव पाँच प्रतिशत भौतिक प्रगति भएको छ । 'रन अफ द रिभर' प्रकृतिको आयोजनाको आउटलेटदेखि विद्युत्गृहको उचाइ १९६ मिटर रहेको छ । आउटलेटबाट पानीलाई विद्युत्गृहमा खसाल्न ६९२ मिटर पेनस्टक पाइप जडान गरिने भएको छ ।

उर्जा इन्जिनियरिङ एण्ड म्यानेजमेन्ट सोलुसन प्रालि परामर्शदाता रहेको यस आयोजनाको मेकानिकल र इलेक्ट्रो मेकानिकल ठेकेदार छनोटको प्रक्रियामा रहेको छ । अपर म्याग्दी-१ को प्रवर्द्धक कम्पनी उर्जा डेभलपर्स प्रालिमा आबद्ध छ ।

भारवाङदेखि बाँध निर्माण स्थलसम्म नौ किलोमिटर पहुँचमार्ग निर्माण गरिसकेको आयोजनाले सामाजिक उत्तरदायित्वका कार्यक्रमका लागि विनियोजन गरेको रु छ करोड २० लाख बजेटबाट प्रभावित क्षेत्रमा सडक निर्माण, शिक्षा, स्वास्थ्य, मठमन्दिरका लागि हालसम्म रु एक करोड नौ लाख १५ हजार सहयोग गरेको जनाएको छ । *रासस*

रक्तदान गरौं

- हाम्रो थोरै रगतले पनि अरूको ज्यान जोगिन सक्छ,
- हरेक स्वथ्य व्यक्तिले तीन-तीन महिनामा रक्तदान गर्न मिल्छ,
- १८ वर्षदेखि ६५ वर्षको उमेरसम्म रक्तदान गर्न सकिन्छ,
- रगतको अन्य विकल्प नभएकोले रक्तदान नै एकमात्र उपाय हो,
- रक्तदानमा कुनै धर्म र जात हुँदैन,
- रक्तदान महादान र जीवनदान हो ।

आफूले पनि रक्तदान गरौं, अरूलाई पनि रक्तदान गर्न प्रेरित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ